प्रकोपको सामना गर्न विश्वव्यापी साझेदारीका.. | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ७९ • २०८२ साल साउन २२ गते बिहीबार (7 August, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## तीनदलबीच कार्यगत एकताको जमर्को



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित दलहरु मधेशको मुद्दा कमजोर भइरहेको र निर्वाचनमा सकारात्मक नतिजा ल्याउनका लागि विभिन्न मोर्चा बनाइ सक्रिय रहेकै बीच अर्को खेल फेरि पनि शुरु भएको छ ।

संघीय लोकतान्त्रिक मोर्चा गठन गरेको केही महिना नवित्दै जनमत पार्टी अलग भएसंगै अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीबीच कार्यगत एकताका लागि सकारात्मक रुपमा छलफल अघि बढेको बताइन्छ ।

जसले गर्दा मधेश केन्द्रित दलबीचमा समेत नयाँ तरंग उत्पन्न भएको छ भने मधेशमा फेरि पनि अर्को मोर्चा गठनको तयारी भइरहेको भन्ने चर्चा समेत चुलिएको छ । सात दलीय संघीय लोकतान्त्रिक मोर्चा क्रियाशील रहेको बेला अन्य दलहरूको बीचमा मोर्चाबन्दीसहित कार्यगत एकताको विषयमा छलफल अघि बढेको जनाइएको छ । एक नेताले दिएको जानकारी अनुसार जसपा, लोसपा र रामुपासहित तीन वटै दलको बीचमा हुनसक्छ वा अलग अलग पनि कार्यगत हुनसक्ने सम्भावना प्रबल रहेको जनाइएको छ ।

जसपाले लोसपा नेपाल र राष्ट्रिय मुक्ति पार्टी नेपालसँग अलग अलग कुराकानीसमेत गरेको छ । यी दलहरूको बीचमा विभिन्न चरणमा सकारात्मक कुराकानी भएको जसपाका एक नेताले जानकारी दिए । सोही विषयमा छलफल गर्न जसपाले बुधबार कार्यकारिणी समितिको बैठक बसेको उनले बताए ।

बालकुमारीस्थित पार्टी कार्यालयमा बुधबार बसेको बैठकमा कार्यगत एकता वा मोर्चाबन्दीको विषयमा छलफल भएको बताइएको छ । सो बैठकको एक मात्र एजेण्डा दलहरूसँग कार्यगत एकताका लागि भइरहेको सकारात्मक प्रयासको विषय रहेको बताइन्छ ।

जसपाका महासचिव इस्तियाक राइले लोसपा र राष्ट्रिय मुक्ति पार्टीसँग मात्र नभइ अन्य दलहरूसँग पनि छलफल अघि बढेको स्पष्ट पारे । उनले एजेण्डा, विचार र मुद्दा मिल्ने दलहरुसँग कार्यगत एकता वा मोर्चाबन्दी गर्ने जसपाले निर्णय नै गरेको बताए ।

कार्यकारिणी समितिको बैठकमा समेत यही विषयमा कुराकानी भएको उनले बताए । महासचिव इस्तियाक राइले भने 'विभिन्न दलहरूसँग भएको छलफलको विषय त्यहाँ प्रस्तुत हुन्छ, अनि त्यसमा छलफल हुन्छ ।'

यता संघीय लोकतान्त्रिक मोर्चामा उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल, रामुपा, तराई मधेश लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोसपा नेपाल र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी आवद्ध छन् । यसै मोर्चामा आवद्ध रहेका सीके राउत नेतृत्वको जनमत पार्टीले रुपन्देहीमा हुन लागेको उपनिर्वाचनमा संयुक्त उम्मेदवार उनको पार्टीले नपाएपछि अर्को उम्मेदवार खडा गरेको छ ।

### सप्तरीमा गोली प्रहार

## एकको मृत्यु, नियन्त्रणमा लिइ हत्या गरेको आफन्तको आरोप

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा प्रहरीको गोली लागेर एकजनाको मृत्यु भएपछि अवस्था तनावग्रस्त बनेको छ ।

राजगढ गाउँपालिका-२ स्थित कमलपुरमा प्रहरीको गोली लागेर स्थानीयको मृत्यु भएफछि स्थानीयवासीहरु सो घटनाको विरोधमा बुधबार बिहानदेखि नै जिल्ला प्रहरी कार्यालयको गेट अगाडि टायर बालेर प्रदर्शन गरेका छन् ।

स्थानीयले मंगलबार राति गाउँमा पुगेको प्रहरीले ज्यादती गरेको बताउँदै तस्करसँग मिलेर स्थानीय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका लालु यादवमाथि गोली चलाएको आरोप लगाएका छन् । उनीहरूले टोलीको नेतृत्व गर्ने जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक वीरेन्द्रकुमार यादवलाई कारबाही हुनुपर्ने र घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग गर्दै प्रदर्शन गरिरहेका छन् ।



मंगलबार राति तस्करी रोक्न त्यहाँ पुगेका प्रहरी र स्थानीयबीच झडप हुँदा प्रहरीले तीन राउण्ड गोली चलाएको थियो । सो क्रममा गोली लागेर ३६ वर्षीय यादवको मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले झडपको स्थिति नियन्त्रणमा लिनका लागि गोली चलाएको दाबी गरे । उनले यादवको तिघ्रामा गोली लागेको बताउँदै उपचारको क्रममा उनको मृत्यु भएको बताए । प्रहरी नायब उपरीक्षक बस्नेतका अनुसार भारततर्फ तस्करी गर्न लागेको ८० कार्टुनभन्दा बढी मदिरा पनि बरामद गरिएको छ ।

प्रहरीको गोली लागेर स्थानीय यादवको मृत्यु भएको घटनाको विरोध गरिरहेका प्रदर्शनकारीमाथि बुधबार दिउँसो अश्रुग्याससमेत प्रहार भएको छ ।

प्रहरीले ज्यादती गरेको भन्दै घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग गर्दै दिउँसो प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीहरुमाथि अश्रुग्यास प्रहार गरिएको थियो। सप्तरी प्रहरीले अश्रुग्यास प्रहार गर्दा प्रदर्शनकारीहरु भागाभागको स्थिति देखियो भने तीन/चार जनालाई चोटसमते लागेको छ। सो क्रममा चारजना घाइते भएको प्रदर्शनकारीको भनाइ छ।

एसपी गौतमकुमार केसीले जिल्ला प्रहरी कार्यालय अगाडि बनाइएको सुरक्षा घेरामाथि ढुंगामुढा गर्दै प्रदर्शनकारीले तोड्न खोजेपछि तीन राउण्ड अश्रुग्यास प्रहार गरेको दाबी गरे । 'ढुंगामुढा लागेर ४/५ जना पनि प्रहरी घाइते भएका छन् ।'

नेपाल-भारत सीमानाका नजिक रहेको सो गाउँपालिकामा ठूलो मात्रामा मदिरा भण्डारण गरी तस्करी भइरहेको सूचनाका आधारमा 'सर्च अप्रेसन' चलाउँदा स्थानीय र प्रहरीबीच झडप भएको बताइन्छ । प्रहरीलाई घेरा हालेर ढुंगामुढा गर्न थालेपछि आत्मरक्षाका लागि गोली चलाउनुपरेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए ।

त्यस्तै, प्रदर्शनमा सहभागी मृतकका ज्वाइँ ई. सञ्जीवनारायण यादवले विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका मृतक यादव लाइसेन्स लिएर व्यापार गर्दै आएकोमा निहत्थालाई नियन्त्रणमा लिएर प्रहरीले गोली हानी हत्या गरेको आरोप लगाए।









# 'समाजलाई नकारात्मक असर पार्ने कुनैपनि विधेयक सदनमा पेस हुँदैन'



काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले समाजलाई नकारात्मक असर पार्ने तथा सामाजिक मूल्यमान्यतामा प्रतिकूल प्रभाव पार्ने गरी बहुविवाहलगायत कुनैपनि विधेयक सदनमा पेस नहुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले आकस्मिक, शून्य र विशेष समयमा उठाउनुभएका प्रश्नको जवाफ दिँदै उहाँले सामाजिक व्यवस्था खलल गर्नेगरी कानुन निर्माण गर्न कोही पनि सहभागी हुने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "कानुन निर्माणको एउटा पक्ष सामाजिक आवश्यकता परिपूर्ति गर्ने र समाजको विकासलाई टेवा पुऱ्याउँदै सामाजिक सद्भाव र अमनचयन, अनुशासन कायम गर्ने हो।"

मन्त्री चौरसियाले सांसद र आमसरोकार भएकाले उठाउनुभएको बहुविवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने आममाफीलगायत विषयमा प्राप्त सुझावका आधारमा आवश्यक संशोधन र परिमार्जन गर्ने निर्णय भएको जानकारी दिँदै सुझावका आधारमा मात्रै संशोधन र परिमार्जन गरिने उल्लेख गर्नुभयो।

सरकारले तयार गरिरहेको मुलुकी अपराध संहिता, २०७४ सहित अन्य कानुन संशोधनको मस्यौदाका सम्बन्धमा यही साउन २० गते मन्त्रिपरिषद्को विधेयक समितिमा छलफल भएको जनाउँदै मन्त्री चौरसियाले उक्त विधेयकमा समावेश भएका बहुविवाह, विवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने आमाफीलगायत विषय परिमार्जन र संशोधन गर्नुपर्ने देखिएकाले सो सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिवको संयोजकत्वमा उपसमिति गठन भएको उल्लेख गर्नुभयो।

उपसमितिले सांसद र आमसरोकार भएका निकायले उठाएका बहुविवाहलगायत विषयमा विधेयकमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने निर्णय भएको मन्त्री चौरसियाले जानकारी दिनुभयो। मुलुकी अपराध संहिता कार्यान्वयनको सन्दर्भमा देखिएका कतिपय कठिनाइको समाधान गर्ने उद्देश्यले प्रस्ताव गरिएका विषयमा संशोधन गर्ने निर्णय भएको उहाँको भनाइ छ।

सोही निर्णलाई लिएर केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा अनुमानको आधारमा विभिन्न व्याख्या गरिनाले आममानिसको बुझाइमा अन्यौलता र आक्रोश सिर्जना भएको मन्त्री चौरसियाले उल्लेख गर्नुभयो। उहाँका अनुसार संहिताहरूमा भएका कानुनी व्यवस्थामा संशोधनका लागि सुझाव पेस गर्न सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश डा आनन्दमोहन भट्टराईको संयोजकत्वमा अध्ययन समिति गठन भई उक्त समितिले तयार गरेको प्रतिवेदनमा देवानी तथा फौजदारी कानुनको सुधारका लागि कतिपय सुझाव दिइएको थियो।

यस्तै, तत्कालीन महान्यायाधिवक्ता डा दिनमणि पोखरेलको संयोजकत्वमा गठित फौजदारी न्याय तथा प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदलको प्रतिवेदनमा फौजदारी कानुनमा सुधारका लागि सुझाव अनुरुप देवानी तथा फौजदारी कानुनमा समयानुकूल सुधारका लागि पेस भएका सुझावसमेतको आधारमा मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४, मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा संशोधनका लागि मन्त्रालयले मस्यौदा तयार गरेको हो।रासस

# विकास आयोजना निर्धारित समयमा सक्नेगरी काम गर्नुसः कार्यवाहक प्रधानमन्त्री

काठमाण्डु। कार्यवाहक प्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले विकास निर्माणसम्बन्धी आयोजनाका काम निर्धारित समयसीमभित्र सक्नेगरी काम गर्न सरोकारवाला सबैलाई आग्रह गर्नुभएको छ।



स्थानीय पूर्वाधार तथा विकास विभागको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति समीक्षा गोष्ठीलाई बुधबार सम्बोधन गर्दै उहाँले विभागलाई विकास निर्माणका आयोजनाहरू समयमा सम्पन्न गर्नेगरी काम गर्न आह्वान गर्नुभयो। सहरी विकास मन्त्रालयअन्तर्गत रहेको स्थानीय पूर्वाधार विकास विभागले सडक पूर्वाधार, झोलुङ्गे पुल, सडक पुल, स्थानीय तहको प्रशासकीय भवन र साना सिँचाइ आयोजनाको काम गरिरहेको छ।

"विकास निर्माण र पूर्वाधारसँग सम्बन्धित काम समयमा सकियोस् भन्ने जनताको चाहना हुन्छ। उहाँहरूको चाहना पूरा गर्नेगरी काम गर्न लाग्नुस्। त्यसका लागि मनत्रालयबाट गर्नुपर्ने सहयोग प्राप्त हुनेछ", उहाँले भन्नुभयो। गत वर्ष विभागको समग्र प्रगति ६५ प्रतिशत मात्र देखिएकामा असन्तुष्टि जनाउँदै उहाँले विगतका कमजोरी पहिचान गरी समाधान गर्दै आगामी वर्षमा उल्लेखनीय रूपमा वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यवाहक प्रधानमन्त्री सिंहले अघिल्लो वर्षको समीक्षाबाट सिक्दै आगामी वर्षका योजनाहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै समयमा काम सुरु गर्न पनि निर्देशन दिनुभयो। स्थानीय पूर्वाधार विकास विभागले चालु वर्षमा गर्ने योजनाहरू समयमा र गुणस्तरीय रूपमा सम्पन्न गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले भन्नुभयो, "चालु आव २०८२/८३ मा गर्नुपर्ने योजनाहरूलाई कसरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने भन्नेमा ध्यान दिनुपर्छ। पूर्वाधार तथा विकास निर्माणदेखि विकट स्थानमा निर्माण भइरहेका झोलुङ्गे पुलहरूसमेत तोकिएको समयमा सम्पन्न हुनुपर्छ।"

मन्त्रालयका सचिव गोपाल सिग्देलले कतिपय आयोजनाहरू 'डुप्लिकेसन' भएका भन्दै आयोजना क्षेत्र प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरी सुनिश्चित गरेर मात्रै काम अगाडि बढाउन विभागलाई निर्देशन दिनुभयो। विभागका महानिर्देशन महेशचन्द्र न्यौपानेले गत आव २०८१/८२ को वार्षिक प्रगति समीक्षासम्बन्धी प्रस्तुतीकरण प्रस्तुत गर्नुभएको थियो।रासस

# बजेट तथा कार्यक्रम अघि बढाउन मन्त्री दाहालको निर्देशन

काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ।



सडक विभागद्वारा बुधबार आयोजित गत आवको प्रगति समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री दाहालले 'अहिले के को हतार, विस्तारै गरौँला नि' भन्ने नसोची बजेट तथा कार्यक्रम तत्काल कार्यान्वयन गर्न निर्देशन दिनुभएको हो। आव सुरु हुनुभन्दा डेढ महिनाअघि बजेट सार्वजनिक गर्नुको मर्म पनि आवको सुरुआतसँगै कार्यान्वयन प्रक्रिया अघि बढाउन सहज होस् भन्ने रहेको उल्लेख गर्दै उहाँले तत्कालैदेखि काम सुरु गरी उच्च नतिजा निकाल्न निर्देशन दिनुभयो।

"आवको अन्त्यतिर हतारहतार काम गरेर बजेट कार्यान्वयनको परिमाण बढाउने चलन पनि छ", मन्त्री दाहालले भन्नुभयो, "बेलामा काम नथाल्ने अनि बित्न लागेपछि हतार गरेर प्रभावकारी परिणाम निस्कदैन, त्यसैले अहिलेदेखि नै काम अघि बढाउनु होला, गत आवको भन्दा राम्रो नतिजा देखिने गरी काम गर्नुपर्छ।"

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नागरिकलाई विकासको महसुस गराउने प्रमुख मन्त्रालय तथा सडक विभाग प्रमुख अङ्ग रहेकाले सडक विभागको काम र परिणामले सिङ्गो मन्त्रालयको कार्यसम्पादन र नतिजामा महत्त्वपूर्ण अर्थ राख्ने मन्त्री दाहालको भनाइ थियो। थालिएका योजना तथा आयोजनामा हुने ढिलासुस्ती अन्त्य गर्न निर्देश दिँदै उहाँले अब सुरु गर्ने योजनामा कुनै अवरोध आउन नदिनेमा जोड दिनुभयो।

गुणस्तरमा सम्झौता नगर्नु

कुनै पनि पूर्वाधार निर्माणलाई छिटो, छरितो र गुणस्तरीय बनाउन सम्झौता गर्न नसकिने मन्त्री दाहालले बताउनुभयो। उहाँले भन्नुभयो, "छिटोको नाममा गुणस्तरहिन काम हुनु भएन र गुणस्तर कायम गर्ने नाममा ढिलासुस्ती पनि हुनु भएन। समय र गुणस्तरलाई सन्तुलनमा राखेर काम गर्न आवश्यक छ।" वर्षायाम सुरु भइसकेकाले सडक तथा यातायात अवरुद्ध हुन नदिने गरी स्रोत साधन, जनशक्ति र उपकरण परिचालन गर्न समेत उहाँको निर्देशन छ।


मन्त्रालयका सचिव केशवकुमार शर्माले कुनै पनि योजना रुग्ण हुने अवस्था आउन नदिने निर्देशन दिनुभयो। रुग्ण आयोजनाको व्यवस्थापन मन्त्रालयको प्राथमिकतामा रहेको स्मरण गराउँदै उहाँले बाँकी रुग्ण आयोजनाको व्यवस्थापनतर्फ ध्यान दिन आग्रह गर्नुभयो।

मन्त्रालयले गत आवमा विगत छ वर्षयताकै उच्च पुँजीगत खर्च गरेको थियो। आव २०८१/८२ मा छ वर्षयताकै सबैभन्दा बढी ७६ दशमलव ४१ प्रतिशत प्रगति भएको मन्त्रालयले यसअघि जनाइसकेको छ।

यस्तै सडक विभागका महानिर्देशक डा विजय जैसीले नीति कार्यक्रम तथा बजेटमा समावेश कार्यक्रम कार्यान्वयनको प्रक्रियामा ढिलाइ नगर्ने बताउनुभयो। वर्षको अन्त्यमा चाप पर्न नदिने गरी तत्कालैदेखि काम सुरु गरी छिटो नतिजा निकाल्ने गरी काम गर्न विभाग क्रियाशील रहेको उहाँको भनाइ छ। वर्षाको समयमा सकेसम्म सडक अवरुद्ध हुन नदिने र अवरुद्ध भएमा पनि सकेसम्म छिटो खुलाउने गरी संयन्त्र परिचालन भएको सडक विभागले जनाएको छ।रासस

# सांसदद्वारा बहुविवाहबारे सरकारको जवाफ माग

काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले बहुविवाहको विवादित मस्यौदाका बारेमा सरकारको जवाफको माग गर्नुभएको छ। बैठकको शून्य समयमा सांसदहरूले बहुविवाहलाई छुट दिने गरी कानुन बन्न नहुने भन्दै खेद प्रकट गर्नुभयो।



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डेले बहुविवाहबारे सरकारको धारणा के हो? सदनलाई जवाफ दिनुपर्ने बताउनुभयो। उहाँले महिला समन्वय समितिको यथाशीघ्र गठन गर्न समेत माग गर्नुभयो। मुलुकी अपराध संहिता, २०७४ ले बहुविवाहलाई पूर्ण निषेध गरेको छ। तर अपराध संहिताको दफा १७५ संशोधन गरी बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने गरी मस्यौदा बनेको भन्ने विषयमा सांसदहरूले आपति जनाउनुभयो।

सांसद शान्ति विकले मुलुकी अपराध संहितामा संशोधन गरी बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने कानुन ल्याउन नहुने तर्क प्रस्तुत गर्नुभयो। "घुमाउरो भाषामा बहुविवाहलाई मान्यता दिने कानुन निर्माण गर्न खोजिएको हो ? एकलाई हक दिँदा अर्कोको खोसिँदैन ?", उहाँले प्रश्न गर्नुभयो। सांसद शेरबहादुर कुवँर, सुशीला सिर्पाली ठकुरी, शान्ति श्रेष्ठ, शोभा ज्ञवाली, सूर्यमान तामाङ दोङ, ज्ञानु बस्नेत सुवेदी र शान्ति चौधरीले यस्तो व्यवस्थाले संविधान प्रदत हकको हनन गर्ने भन्दै आपत्ति जनाउनुभयो।

"यतिबेलासम्म सरकार मौन बस्नु लज्जास्पद हो !", सांसद सुवेदीले भन्नुभयो। यसले सरकार सामाजिक र सांस्कृतिक कुरीतिको पक्षमा उभिन खोजिेको स्पष्ट हुने उहाँहरूको भनाइ छ। सांसदहरूले बहुविवाहसम्बन्धी प्रस्ताव दशकौँदेखिको महिला अधिकारको मर्मविपरीत रहेको तथा लैङ्गिक हिंसाका रूपमा मानिने भन्दै यो प्रस्ताव तुरुन्त फिर्ता गर्न माग गर्नुभयो।

शून्य समयमा सांसद शक्तिबहादुर बस्नेतले आधारभूत स्वास्थ्य संस्था र जिल्ला अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मीको अभावबारे सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो। "तीनै तहका सरकारबीच समन्वय गरी यथाशीघ्र 'ओएनएम' गरी पदपूर्ति प्रक्रिया अघि बढाइयोस्", उहाँले भन्नुभयो, "दरबन्दी भएका अस्पतालमा पनि जनशक्ति आपूर्ति भएको छैन। दुर्गम क्षेत्रका स्वास्थ्यकर्मीका लागि विशेष प्रोत्साहनका कार्यक्रमको व्यवस्था हुनपर्छ।"

सांसद सुशीला श्रेष्ठले सरकारी स्वास्थ्य संस्थामा अनलाइनमार्फत भुक्तानीको व्यवस्था हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। सांसद सुहाङ्ग नेम्वाङले इलाम जिल्लाका नागरिकलाई नक्सा पास, नागरिकता र राष्ट्रिय परिचयपत्रजस्ता आधारभूत सेवा प्रवाह हुनुपर्नेमा जोड दिनुभयो।

शून्य समयमा सांसद सञ्जयकुमार गौतमले बर्दिया जिल्लाको नदी नियन्त्रण आयोजना डडेलधुरा लगेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो। सांसद हर्कमाया विश्वकर्माले भूमिहीन दलितका लागि जग्गा प्रमाणपत्र प्राप्तिमा कानुनी व्यवस्थाका लागि ध्यानर्कषण गराउनुभयो।

सांसद हसिना खानले नेपालगञ्जको विमानस्थलमा भारतको दिल्लीबाट सीधा उडानको व्यवस्था गर्न भारत सरकारसँग छलफल गर्नुपर्ने भन्दै उक्त छलफललाई प्राथमिकतामा राख्न सरकारसँग माग गर्नुभयो।

सांसद हितबहादुर तामाङले नुवाकोट जिल्लामा विपद् प्रभावित परिवारलाई निजी आवास निर्माणमा अनुदान उपलब्ध गराउनेसम्बन्धमासरकारको ध्यानार्कषण गराउनुभयो।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले पर्यटन व्यवसायमा काम गर्ने श्रमिकहरूलाई सेवा शुल्कको माध्यमबाट प्रोत्साहन गर्ने कानुनी व्यवस्थाको कार्यान्वयनमा जोड दिनुभयो। सांसद सीताकुमारी रानाले सुर्खेत-दैलख सडक, कर्णाली राजमार्ग तथा मध्यपहाडी राजमार्ग छेउका बस्तीहरूमा रहेका नागरिकलाई सडकभित्र परेको जग्गा नापी लालपुर्जामा क्षेत्रफल कटौती गरी आवधिक गर्न माग गर्नुभयो।

सांसद सीता मिजारले नुवाकोटको बञ्चरेडाँडाको ल्याण्डफिल साइटमा स्थानीयसँग सरकारले गरेको सम्झौता कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। सांसद सुनिता बरालले सूचना तथा प्रसारण विभागले यही साउन २० गते जारी गरेको अनलाइन दर्ता र नवीकरणसम्बन्धी सूचना कार्यान्वयनका लागि आवश्यक पर्ने स्पष्ट कार्यविधि र मापदण्ड तथा प्रक्रिया उल्लेख नभएको टिप्पणी गर्नुभयो। उहाँले सरकारी निकायले सूचना प्रकाशन गर्दा आवश्यक विधि र प्रक्रिया पूरा गर्न सचेत गराउनुभयो।

सांसद सुरेन्द्रराज आचार्यले किसानलाई मलखादको अभावबारे ध्यानार्कषण गराउनुभयो। सांसद सपनाराज भण्डारीले निर्माण क्षेत्रमा काम गर्ने जोखिमयुक्त काममा सुरक्षा उपकरणको प्रयोग र पर्याप्त तालिमको व्यवस्थाको व्यवहारिक कार्यान्वयन गर्न माग गर्नुभयो। सांसद सराज अहमल फारुकीले तराई-मधेसका जिल्लामा पोषणकेन्द्र स्थापना गर्न र सर्पदंशको प्राथमिक उपचारका लागि केन्द्र स्थापनाका लागि ध्यानार्कषण गराउनुभयो।

सांसद सरिता भुसालले ग्रामीण क्षेत्रमा स्वयं सेविकाको भूमिकाबारे चर्चा गर्दै उनीहरूलाई श्रमिकको दायरामा ल्याउन सुविधा थप गर्न माग गर्नुभयो। न्यूनतम ज्याला र योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आबद्ध गराउनुपर्ने उहाँको भनाइ छ। सांसद सूर्यप्रसाद ढकाल र हेमराज राईले समसामायिक विषयमा सरकारको ध्यानार्कषण गराउनुभयो।रासस

# रास्वपा र राप्रपाका सांसदलाई संसद् बहिस्कारसम्बन्धी निर्णय सच्चाउन माग

काठमाण्डु। प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसद गोकुलप्रसाद बाँस्कोटाले पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदहरूले निरन्तर संसद् बहिस्कार गरेर गलत गरेकाले अफ्नो निर्णय सच्याउन माग गर्नुभएको छ।



बैठकको विशेष सयमा सांसद बाँस्कोटाले रास्वपा र राप्रपाले निरन्तर संसद् बहिस्कार गरेर गलत गरेको बताउनुभयो। भिजिट भिसा प्रकरणका बारेमा ती दुई दलले भनेका विषयलाई तथ्यले प्रमाणित गर्न सक्नुपर्नेमा जोड दिँदै यसरी संसद्मा आउनु र बहिस्कार गरेर हिँड्नु गलत भएको उहाँको भनाइ छ।

युवायुवतीको १८ वर्षपछिको सम्बन्धलाई वैधता दिने तर विवाहका लागि २० वर्ष कुर्नुपर्ने दोहोरो व्यवस्थामा सुधार गरिनुपर्ने भन्दै सांसद बाँस्कोटाले पारिवारिक कानुनको माग गर्नुभयो।

सांसद माधव सापकोटाले सेवा प्रदायक निकायमा सेवा लिन आमनागरिक सार्वजनिक यातायातमा कष्टपूर्ण यात्रा गरेर पुग्ने गरेकामा सोही दिन सेवा नपाएमा रु पाँच-सात हजार गर्नुपर्ने बाध्यता रहेको बताउँदै यस्तो समस्या समाधान गरिनुपर्ने माग गर्नुभयो। निजामती विधेयकका विषयमा संसदीय समितिले दिएको प्रतिवेदन छिटो कार्यान्वयन गर्न पनि उहाँले सभामुखसँग माग गर्नुभयो।

सांसद मेटमणि चौधरीले राहदानी छपाइमा अनियमितता भएकाले यसको छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्ने बताउनुभयो।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सम्भावना देखिए पनि प्रतिस्पर्धा बढ्नाले ठुलो उपलब्धि नहुन सक्छ। |
| वृष : | परिस्थितिवश सानोतिनो समस्याले अल्झाउन सक्छ। |
| मिथुन : | बिहानको काम सन्तोषजनक नभए पनि विस्तारै मनको डर हराउनेछ। |
| कर्कट : | आँटगर्दा दिगो काममा हात हाल्त सकिनेछ। |
| सिंह : | विभिन्न अवसर प्राप्त हुनुका साथै सफलताको यश प्राप्त गर्ने समय छ। |
| कन्या : | प्रयत्न गर्दा विभिन्न अवसर। प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ। |
| तुला : | अरुको करकापमा काम गर्नुपरे पनि आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। |
| वृश्चिक : | मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्।गरेका कामबाट प्रशस्त लाभ हुनेछ। |
| धनु : | परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। |
| मकर : | अरुको प्रभाव परिने हुँदा गोपनीयता भंग हुन सक्छ। |
| कुम्भ: | श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ। |
| मीन : | साथ दिनेहरु नहुँदा दुःख पाइनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पर्साका सुरक्षा निकायले राजस्वमा बुझाउने अधिकांश सामानमा कैफियत छैन

वीरगञ्ज । पर्साका दुवै सुरक्षा निकायले बिलबिजकभन्दा बढी भएका मालसामान तथा राजस्व चुहावट भएको आशङ्कामा पथैलयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाउने अधिकांश सामानमा कैफियत भेटिएको छैन ।

वीरगञ्ज भन्सार कार्यालय मातहतको एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाहबाट निस्किएका मालसामान सहितका ढुवानीका साधनलाई पर्सामा अवस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरीले बिलबिजकभन्दा बढी सामान बोकेको र राजस्व चुहावट गरेको आशङ्कामा पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाउँदै आइरहेका छन् । सुरक्षाकर्मीले बुझाएका मूल्यको आधारमा कैफियत भने नगन्य मात्रामा भेटिँदै आइरहेको छ ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले भन्सारको गेटबाट प्रज्ञापत्रसहित छुटेका मालवाहक सवारीसाधनलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले बीच सडकमा रोकेर जाँचका नाममा दुःख दिने प्रवृत्ति रहेको बताउनभुयो ।

"सुरक्षा निकायहरूले मालवाहक समान बोकेका सवारीसाधनलाई सडकमा रोकेर विभिन्न मोलतोल पनि गर्छन् भन्ने गुनासा आइरहेका छन्", उहाँले भन्नुभयो, "सुरक्षा निकायले असल नियतले निरीक्षण र अनुगमन गर्नु सकारात्मक कार्य भए पनि खराब नियतले गर्नुभने हुँदैन ।" अध्यक्ष गौतमले कतिपय व्यापारी र ट्रान्सपोर्ट कम्पनीले पनि कहिलेकाहीँ गलत नियतले बिलबिजकभन्दा बढीमा सामान राख्दा समग्र व्यापारी व्यवसायीले अनावश्यक रूपमा सास्ती र झन्झट बेहोर्नुपरेको बताउनुभयो ।

"सबै व्यापारी असल छन् भन्न सकिँदैन । तर, एक/दुई जना व्यापारीका कारणले असल नियतले काम गर्ने व्यक्तिले पनि जाँचका नाममा सास्ती र झन्झट बेहोर्न बाध्य भइरहेका छन्", सङ्घका अध्यक्ष गौतमले भन्नुभयो । कतिपय सुरक्षाकर्मीले पैसा लिएर बिलबिजकभन्दा बढी सामान बोकेका मालवाहक सवारीसाधनलाई पनि निर्वाध रूपमा छाड्ने गरेका उहाँले आरोप लगाउनुभयो ।

"सडकमा रोकेर जाँच गर्ने प्रहरीले पैसा पाएको खण्डमा ती सवारीसाधनलाई सहजै उम्कन दिन्छन्", उहाँले भन्नुभयो, "पैसा नदिने मालवाहक सवारीसाधनलाई भने राजस्व अनुसन्धान कार्यालयमा बुझाएर दुःख दिने गरिएको देखिन्छ", उहाँले भन्नुभयो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख गौतम मिश्रले गत आव २०८१/८२ मा रु ५२ करोड चार लाख ५८ हजार २९३ मूल्य पर्ने मालसामानसहित ९१ वटा सवारीसाधनलाई पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको जानकारी दिनुभयो ।

"हामीले बिलबिजकभन्दा बढी भएका सामान र राजस्व चुहावट भएको आशङ्का लागेर पक्राउ गरेका मालवाहक सवारीसाधनलाई पथलैयास्थित राजस्व कार्यालयमा बुझाउने गरेका छौँ", उहाँले भन्नुभयो, "हामीलाई पर्याप्त हुने सूचनाको आधारमा आवश्यक छानबिनका लागि पठाउने गरेका छौँ । हामी राजस्व चुहावट भयो कि भएन भनेर अनुसन्धान गर्ने निकाय नभएकाले पनि बुझाउने गरेका हौँ ।" पर्सा प्रहरीले आवमा २०८०/८१ मा रु ४५ करोड ८१ लख २५ हजार ६४ मूल्य पर्ने मालसामानसहित ८३ वटा



सवारीसाधनलाई पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाएको थियो ।

सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले पनि गत आवमा रु ११ करोड ९९ लाख ४७ हजार एक सय ७८ मूल्य पर्ने बिलबिजकभन्दा बढी भएका र राजस्व चुहावट भएको आशङ्का सामानसहित सवारीसाधन पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाएको थियो । अघिल्लो आवमा सशस्त्र प्रहरीले रु १९ करोड ३८ लाख २९ हजार ७५६ मूल्य पर्ने बिलबिजकभन्दा बढी भएको तथा राजस्व चुहावट भएको आशङ्कामा सामान पक्राउ गरेर बुझाएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका सूचना अधिकारी कृष्ण पुजराले सशस्त्र प्रहरीले बिलबिजकभन्दा बढी सामान भएको र राजस्व चुहावट भएको भन्ने विशेष सूचनाको आधारमा मालवाहक सवारीसाधनलाई पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाउने गरेको बताउनुभयो ।

"हामीलाई प्राप्त हुने विशेष सूचनाको आधारमा राजस्व चुहावट भएको आशङ्कामा पथलैयामा बुझाउने गरिन्छ", उहाँले भन्नुभयो, "बिलबिजक नै नभएका तथा भन्सार छली भएका सामान भने वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गर्छौं ।"

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गौतमले राजस्व अनुसन्धान कार्यालयले विशेष गरी शिल्डप्याक नगरिएका सामानको बिल छ/छैन, भिसिटिएस र भ्याटबिलसँग त्यसको अर्धकट्टी मिलेको छ/छैन हेर्नेलगायत कार्य गर्दै आएको बताउनुभयो । पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले सुरक्षाकर्मीले पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाइएका सवारीसाधनमा कैफियत भने नगन्य मात्रामा भेटिने गरेको जानकारी दिनुभयो ।

"नेपाल प्रहरीले जिल्ला प्रहरी कार्यालयलाई राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिदिँदै आइरहेको छ । प्रहरीले आफ्नो लक्ष्य पूरा गर्न मालवाहक सवारीसाधनलाई समात्ने गर्छन् । सोही गाडीको बिलबिजकबमोजिमको जति मूल्य छ । त्यही मूल्यलाई राखेर राजस्व अनुसन्धान कार्यालयमा बुझाउने काम हुँदै आइरहेको छ", उहाँले भन्नुभयो, "बिल नभएका सामान बढी भएमा राजस्व चुहावटअन्तर्गत पर्छन् । बिलकै मूल्यलाई राजस्व चुहावट भयो भनेर ल्याउने गरेको पनि भेटिने गर्छ ।"

पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले १६ जिल्लामा हुने राजस्व चुहावटका घटनालाई हेर्ने गर्छ । कार्यालयले गत आवमा राजस्व चुहावट धरौटीबापत रु ११ करोड ७६ लाख ८५ हजार एक रकम सङ्कलन गरेको छ । कार्यालयले गत आवमा राजस्व चुहावटको १४ वटा मुद्दा दर्ता गरेको छ । अघिल्लो आवमा भने तीन वटा मात्रै राजस्व चुहावटको मुद्दा दर्ता भएको थियो ।

कार्यालयले गत आवमा राजस्व चुहावट मुद्दाको मागदाबी रकम रु ७६ करोड ३५ लाख ३६ हजार ३०० छ । अघिल्लो आवमा भने कार्यालयले राजस्व चुहावट मुद्दाको मागदाबी रकम भने रु चार करोड ५४ लाख ११ हजार २ ९८ रहेको थियो ।रासस

## भूपरिवेष्टित विकासशील राष्ट्रलाई पछाडि पार्न नहुनेमा प्रधानमन्त्रीको जोड

आवाजा ।प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्टित विकासशील राष्ट्रहरूलाई पछाडि पार्न नहुनेमा जोड दिनुभएको छ ।

भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनअन्तर्गत बुधबार 'व्यापार तथा वाणिज्यको सहजीकरण र क्षेत्रीय सहकार्य'सम्बन्धी 'राउन्ड टेबल'को सहअध्यक्षता गर्दै उहाँले निष्पक्ष व्यापार सर्तहरू र पारवहन व्यवस्थाका लागि सामूहिक दबाब दिनुपर्नेमा जोड दिनुभयो ।

"यसै वर्ष जुनमा हामीले पारित गरेको सेभिया प्रतिबद्धताको कार्ययोजनाले पनि पूर्वाधार निर्माण, स्मार्ट व्यापार, कोरिडोरमा लगानी, यातायात र रसद उद्योगको विकास, व्यापार र भन्सार प्रक्रियालाई डिजिटलाइज गर्ने विषयलाई महत्त्व दिएको छ । यसको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि बलियो प्रतिबद्धता आवश्यक पर्दछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यी उपायको इमान्दारपूर्वक कार्यान्वयनसँगै भूपरिवेष्टित मुलुकले समावेशी र दिगो विकासका लागि आफ्नो व्यापार क्षमतालाई उपयोग गर्न सक्छन् । रासस

## बीउ अपुगले धान रोपाइँ प्रभावित, महोत्तरीमा रोपाइँ ४९ प्रतिशत

महोत्तरी । लामो खडेरीले यसवर्ष महोत्तरीको धान रोपाइँ प्रभावित भएको छ । सिङ्गो मधेस नै खडेरीको चपेटामा परेका बेला अन्यत्रजस्तै महोत्तरी जिल्लाको रोपाइँ पनि प्रभावित भएको हो ।

स्थानीय किसानका अनुसार लामो खडेरीपछि साउन तेस्रो सातादेखि मनसुनी वर्षा अनुकूल हुँदै गइरहेको अवस्थामा धमाधम रोपाइँ भइरहेकामा पछिल्लो समय बीउको अभाव देखिएको छ ।

साउन तेस्रो साताको अन्त्यमा महोत्तरीको रोपाइँ करिब ४९ प्रतिशत मात्र पुगेको प्रदेशस्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । सुरुमा पानीको अभाव खेपेका किसान अब बीउको अभावले रोपाइँ प्रभावित भएको बताउँछन् ।

दुखजिलो रोपिएको धान पनि राम्ररी गाँजिन सकेन, त्यसैले खरुअन (पहिलो बीउ रोपो गााजिएपछि त्यो उखलेर रोपिने कार्य) पनि हुर्केन", कवारी भन्नुहुन्छ, "अब पानी त जेनतेन भयो, बीउले सकस पार्दैछ ।" महोत्तरीको कूल ७१ हजार हेक्टर जग्गामध्ये करिब ४५ हजार हेक्टरमा धानखेती हुँदै आएको छ । "पुरानो अभिलेख हेर्दा अनुकूल वर्षा भएको समयमा ४५ हजार हेक्टरभन्दा बढीमा धानखेती भएको देखिन्छ", वरिष्ठ कृषि विकास अधिकृत देवानन्द यादव भन्नुहुन्छ, "हामीले यसलाई ४५ हजार हेक्टर मान्ने गरेका छौँ ।"

यस वर्ष अहिलेसम्म ४९ प्रतिशत जमिनमा मात्र रोपाइँ भएको छ । यो २२ हजार हेक्टरभन्दा माथिको क्षेत्रफल हो । साउन तेस्रो



"सबै खेतमा हिल्याउनेगरी पानी अझै पुगेको छैन, हामी कतिपय ठाउँमा सडक, कुलो सोहोरेर खेत हिल्याउँदै छौँ", भङ्गाहा-४ रामनगरका किसान काशी विन मुखिया भन्नुहुन्छ, "अहिलेलाई दुःखसुख पानी जम्मा गरे पनि बीउले धोका दिएको छ ।"

यसपालि खडेरीले ब्याडमै बीउ सुकाएर हुर्कन नसक्दा अहिले बीउको अभाव भएको मुखियाको भनाइ छ । आफूले हिल्याइसकेको खेतमा बीउ नपुगेर रोपाइँ थाँति रहेको मुखियाले बताउनुभयो । मुखिया अहिले बस्तीबस्ती चाहार्दै बीउ खोज्दै हुनुहुन्छ ।

मुखियाजस्तै सोही बस्तीका अर्का किसान इद्रिस कवारी पनि अब बीउको अभावले रोपाइँ नबढ्ने छाँट देखिएको बताउनुहुन्छ । "खडेरीले पहिले साता सुरु हुनअघि जिल्लामा ३० प्रतिशतमात्र रोपाइँ भएको थियो । यसैबीच वर्षा भएसँगै रोपाइँले गति लिइ अहिले ४९ प्रतिशत पुगेको हो ।

"सबै ठाउँमा पानी अझै पुगेको छैन, किसान सडक, कुलो सोहोरेर, स्यालोट्यूबवेल र इनार पम्पसेटबाट पानी जोहो गरेर रोपाइँ गर्दैछन्", यादव भन्नुहुन्छ, "अब मुख्य समस्या बीउको छ, ब्याडमै सुकेको बीउ पछिल्लो वर्षाले बिउँतिने क्रम त छ, तर समय लाग्छ ।"

पानी परीरहेको हुँदा अन्य बालीभन्दा धान नै लगाउन ठिक हुने विज्ञ बताउँछन् । यस वर्ष जिल्लाको सुदूरदक्षिणी र मध्यभेगभन्दा उत्तरी क्षेत्रमा वर्षा बढी भएकाले धान रोपाइँ गति उत्तरीक्षेत्रमा बढी भएको देखिन्छ ।रासस

## उखु किसानद्वारा अनुदान माग



महोत्तरी । उखुखेती गर्ने किसान यतिखेर आन्दोलित भएका छन् । उखुमा सरकारले दिँदै आएको अनुदानको निरन्तरता हुनुपर्ने उनीहरुको माग छ ।

महोत्तरीमा उखुखेती गर्ने किसानको सङ्ख्या १५ हजार हाराहारी छ । यसअघि सरकारले दिँदै आएको चिनी उद्योगमा बुझाइएको उखुमा अनुदान प्रतिक्विन्टल रु ७० यसपालि बजेटमा नपरेपछि किसान आन्दोलित भएका छन् । आइतबार जिल्ला प्रशासन कार्यालयमार्फत उनीहरुले अनुदानको निरन्तरताका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका थिए । किसानले मङ्गलबार गौशाला-१ रामनगरस्थित एभरेष्ट चिनी उद्योग अगाडि प्रदर्शन गरे ।

"यस वर्षको बजेटमा अनुदानको विषय नसमेटिएपछि निरन्तर सरकारको ध्यानाकर्षण गराउँदै आएका छौँ", उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहाले भन्नुभयो, "विश्वास छ, हाम्रो मागको सुनवाइ हुनेछ ।"

उखुखेती किसान आफ्ना प्रतिनिधि संस्था उखु उत्पादक कृषक महासङ्घ र उखु उत्पादक कृषक सङ्घका पदाधिकारीका साथ आन्दोलनमा छन् । उखु उत्पादक कृषक महासङ्घका सदस्य महाशङ्कर थिङका अनुसार किसानले मुख्य रूपले उखुखेतीमा सरकारले दिँदै आएको अनुदानलाई निरन्तरता दिनुपर्ने, गत आर्थिक वर्ष २०८१/८२ को अनुदानबापतको रकम तुरुन्त किसानलाई उपलब्ध गराउनुपर्ने, बर्सेनि उखुको मूल्य निर्धारण गरिनुअघि उखु किसानका प्रतिनिधि, चिनी उद्योग र सरकारबीच सहमति गरिनुपर्ने लगायतका माग किसानले राखेका छन् । माग सम्बोधन नभए आगामी भदौ ८ गतेदेखि राजधानीकेन्द्रित आन्दोलन गर्ने सङ्घले जनाएको छ ।

महोत्तरीमा गत आव २०८१/८२ को यामको उखुबाट किसानले रु २१ करोड ७२ लाख ९१ हजार रकम पाउनुपर्ने छ । महोत्तरीमा आव २०८१/८२ मा अनुदान पाउनुपर्ने किसानको सङ्ख्या १४ हजार ५३३ छ । यसपालि यो सङ्ख्या १५ हजारमाथि पुग्ने उखु उत्पादक कृषक सङ्घका अध्यक्ष कुशवाहाको भनाइ छ । आव २०८०/८१ मा भने जिल्लाका १४ हजार ४४४ किसानले अनुदानबापतको जम्मा रु २० करोड ३३ लाख पाएका थिए ।रासस


रौनियार सेवा समिति

जनकपुरधाम-४, धनुषा

सूचना ! सूचना !! सूचना !!!

जनकपुरधाम स्थित रौनियार समुदायको साँझा संस्था रौनियार सेवा समितिको स्वीकृत विधानको परिच्छेद ५ को धारा २२ को उपधारा 'ग' बमोजिम हाल समितिको सम्पुर्ण जिम्मेवारीमा रहेका साविकका मुख्य अभिभावक छ जना संरक्षकहरु मध्ये जनकपुरधाममा उपलब्ध बहुमत संरक्षकका साथै सवै पुर्व अध्यक्षहरु सहित रौनियार समाजको गत साउन १७ गते भएको वृहत बैठकको निर्णय अनुसार नयाँ नेतृत्व चयनको लागि मिति २०८२ भदौं ७ गते साधारणसभा गर्ने निर्णय भएकाले संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुलाई तपसिलको समय र स्थानमा हुने साधारणसभामा अनिवार्य उपस्थितीका लागि हार्दिक अनुरोध छ ।

प्रस्ताव :

१. साधारणसभाबाट नयाँ नेतृत्व चयन गर्ने सम्बन्धमा ।

२. विविध

तपसिल :

**मिति : २०८२ भदौं ७ गते शनिवार**

**समय : बिहान ९:00 बजे**

**स्थान : रौनियार सेवा समिति, जनकपुरधाम**

शिवनाथ प्रसाद साह

जयेष्ठ संरक्षक सदस्य



राजर्षिजनक विश्वविद्यालय

डीनको कार्यालय

जनकपुरधाम, धनुषा

**प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी संशोधित सूचना**

प्रकाशित मिति : २०८२।०४।२१

राजर्षिजनक विश्वविद्यालय "मानविकी तथा कानून संकाय", "व्यवस्थापन संकाय" र "विज्ञान, प्रविधि तथा इन्जिनियरिंग संकाय" अन्तर्गत आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा देहाय बमोजिम शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ मा नयाँ भर्नाको प्रवेश परीक्षाका लागि Online आवेदन फाराम खुल्ला गरिएको व्यहोरा सूचित गरिन्छ ।

| Faculty | Program | Eligibility Condition for Admission |
|---|---|---|
| Humanities and Law | Bachelor of Computer Application (BCA) | +2 Level or Equivalent Degree with a minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |
| | Bachelor in Mithila Arts and Aesthetic (BMAA) | |
| | Bachelor in Journalism and Mass Communication (BJMC) | |
| | Bachelor of Arts and Bachelor of Legislative Laws (BALLB) | +2 Level or Equivalent with a minimum of 50 percent in marks or a C+ grade from a recognized educational institute. |
| Management | Bachelor of Business Administration (BBA) | +2 Level or Equivalent Degree with a minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |
| | Bachelor in Digital Business Management (BDBM) | |
| Science, Technology and Engineering | Bachelor of Information Technology (BIT) | +2 Level or Equivalent Degree pass in mathematics or computer science with minimum "C"grade and 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in others subjects. Or, three years Diploma in second division or equivalent from CTEVT with Mathematics or Computer Science. |
| | Bachelor of Civil Engineering (BE Civil) | +2 Level or Equivalent Degree pass in Science stream (Physics, Chemistry, Mathematics) with minimum of 45 percent in aggregate or CGPA 2 on the scale of 4 (equivalent grade C) having "D" grade in each subject. |
| | Bachelor of Science, Computer and Information Technology (BSc. CSIT) | |
| | Bachelor of Science in Agriculture (BSc. Ag) | +2 Level or Equivalent Degree pass in Science/Agriculture stream (Physics, Chemistry, Biology, Mathematics) with minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |

तपसिल :

१. **Online आवेदनका लागि** : apply.rju.edu.np

२. **प्रवेश परीक्षा फाराम भर्ने अन्तिम मिति** : २०८२।०५।१० गते सम्म

३. **आवेदन फाराम शुल्क** : रु.१,०००/-(एक हजार मात्र)

४. **विलम्ब दस्तुर थप रु.५०० सहित बुझाउने मिति** : २०८२।०५।११ गते देखि २०८२।०५।१७ गते सम्म

५. **प्रवेश परीक्षा मिति** : २०८२।०५।२२ र २३ गते


६. आवेदन फाराम शुल्क eSewa मार्फत जम्मा गर्नु पर्नेछ ।

७. **प्रवेश परीक्षा संचालन हुने मिति :**

| शैक्षिक कार्यक्रम | मिति | समय |
|---|---|---|
| BSc. CSIT / BJMC | २०८२।०५।२२ | विहान ७:३० - ९:३० |
| BE Civil / BCA | २०८२।०५।२२ | विहान ११:०० - १:०० |
| BBA / BDBM / BSc.Ag / BMAA | २०८२।०५।२३ | विहान ७:३० - ९:३० |
| BALLB / BIT | २०८२।०५।२३ | विहान ११:०० - १:०० |

८. **परीक्षा केन्द्र** : सम्बन्धित क्याम्पस तर BE Civil का लागि गौशाला ई.क्याम्पस, महोत्तरी र टेक ए.आइ. क्याम्पस, बानेश्वरमा हुनेछ ।

**सम्पर्क** : डीनको कार्यालय (९८५१२७४०३९, ९८१५८१२२००), विश्वविद्यालय क्याम्पस (९८५१२७४०३७, ९८४४०२६६५२), गौशाला इन्जिनियरिंग क्याम्पस (९८०७८३१३१९), पण्डित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पस, गौर, रौतहट (९८६०९०३००९), प्राविधिक सहयोगको लागि ०४१५९०९३१, Email : info@rju.edu.np



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अध्ययनको नाममा करोडौँ रकम बाहिरिँदै

राजनीतिक दल र सरकारले शिक्षालाई बेवास्ता गर्दा वर्षेनि गुणस्तरीय शिक्षाका लागि बाध्यतावश विदेशिनु परिरहेको छ। तर पनि न त कुनै राजनीति दल नै यसप्रति गम्भीर देखिएको छ न त सरकारसंग नै कुनै ठोस एजेण्डा छ। शिक्षाप्रति सरकारी नीति र राजनीतिक दलको उदासिनताका कारण वर्तमान मुलुकलाई गिजोलिएको छ। वर्षेनि करोडौं रुपैयाँ शैक्षिक नाममा बाहिरिदासमेत राज्यले गुणस्तरीय शिक्षाका लागि स्पष्ट रुपमा शिक्षा नीति अंगाल्न सकेको छैन। सरकारले अहिलेसम्म शिक्षा विधेयक पारित नगर्दा शिक्षकहरु पनि केही वर्षदेखि आन्दोलित हुँदै आएका छन्। भने फेरि पनि आन्दोलन गर्ने चेतावनी सरकारलाई दिँदै आएको छ। तर पनि सरकारले विद्यार्थीको भविष्यप्रति नै सचेत देखिन्छ भने न त शिक्षकको माग प्रति नै गम्भीर देखिन्छ। वर्षौंदेखि सरकारको शिक्षा नीति नहुँदा नेपालको शिक्षालय नै धरापमा रहेको अवस्थाबाट विद्यार्थी र शिक्षकहरु बाध्यतावश गुज्रिनु परेको छ। एकातर्फ सरकारको शिक्षाप्रतिको द्वैध चरित्रकै कारण शिक्षा विधेयक ल्याउन नसक्दा विचौलियादेखि निजी विद्यालयहुँदै विभिन्न कन्सल्टेन्सीको नाममा विद्यार्थी ओसारपोसार गरेर करोडौं रुपैयाँ समेत विदेशिएको देखिन्छ। जसले गर्दा नेपालमा शैक्षिक परामर्श संस्थाहरुमा अनियमितता, अवैध सञ्चालन र नियमनको अभाव पनि देखिन थालिएको छ। शैक्षिक सत्र शुरु हुन केही अघि देखि नै मधेश प्रदेशको विभिन्न जिल्लालगायतबाट विद्यार्थी लैजानका लागि वैदेशिक शिक्षालयतर्फ लोभ्याउने गरी आकर्षक रुपमा विभिन्न प्रलोभन दिँदा समेत सरोकारवालहरु मौन रहँदा वर्षेनि सयौं विद्यार्थीहरुको भविष्य अन्धकारमा परिरहेको छ। प्रत्येक जिल्लाको सदरमुकाममा अनेकौं प्रलोभनमा पार्नका लागि शैक्षिक मेला, प्रदर्शनीलगायत विभिन्न नाममा मन्त्रीसमेतहरुलाई बोलाएर विद्यार्थी रिझाउने गरेका छन्। तर सरकारले भने मौन रुपमा उनीहरुलाई समर्थन गरेर विद्यार्थीको भविष्यमाथि खेलवाड गरिरहे पनि बोल्न कोही छैनन्। जसको कुनै लेखाजोखा नै छ भने न त ती विद्यार्थीहरुको भविष्य सुरक्षित समेत छैन। नेपालमा मात्रै ९ हजार भन्दा बढी कन्स्लटेन्सी वैदेशिक अध्ययनका लागि विद्यार्थी लैजान सक्रिय छ। दर्ता र नवीकरण विना सञ्चालन भइरहेका कन्सल्टेन्सीहरूलाई कारबाही शुरु गरेपछि, वर्षौंदेखि सरकारी कमजोरीको फाइदा उठाउँदै आएको सरकारी तथ्यांकबाट नै पुष्टी हुन्छ। विभागले हालै करिब तीन दर्जन कन्सल्टेन्सीमाथि कारबाही गर्दा शैक्षिक परामर्श क्षेत्रको जथाभावी अवस्था सतहमा आएको छ। कतिपय कन्स्लटेन्सीले शैक्षिकको नाममा विद्यार्थीलाई वैदेशिक रोजगारमा लैजाने गरेको समेत छ। कन्सल्टेन्सीको प्रभावकारी अनुगमन तथा निरीक्षण गर्नका लागि पटकपटक अभिभावकहरुले आवाज उठाउनु जरुरी छ। नेपालबाट वर्षेनि १ खर्ब ४ अर्ब २४ करोड ६ लाख रुपैयाँ शिक्षाको नाममा बाहिरिँदै छ। तरपनि सरोकारवाल मौन हुन र आफ्नो शिक्षा प्रतिको नीति स्पष्ट गर्न नसक्नुका कारण दिनानुदिन नेपालको शिक्षा खस्किँदै गएको छ। तसर्थ यसप्रति राज्य सजग, सचेत र गम्भीर हुनु आवश्यक छ।

# मिडिया काउन्सिल विधेयक : किन आवश्यक छ संशोधन ?



रामकृष्ण अधिकारी

प्रेस स्वतन्त्रता नेपालको सन्दर्भमा सधैं संवेदनशील मुद्दा बन्दै आएको छ। नेपालको संविधान, २०७२ को प्रस्तावनामै 'पूर्ण प्रेस स्वतन्त्रता' भन्ने शब्दावली उल्लेख गरेर प्रेस स्वतन्त्रतालाई नेपाली जनताको अविच्छिन्न अधिकार बनाउने प्रयास गरिएको छ। सूचना प्रवाहको स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड हो भन्ने मान्यता आज पनि उस्तै प्रासंगिक छ।

विडम्बना, हरेक राजनीतिक व्यवस्था र सत्ताले प्रेस स्वतन्त्रतालाई नियन्त्रणको औजार बनाउन खोज्ने प्रवृत्ति रोकिएको छैन। त्यसको पछिल्लो उदाहरण हो- 'मिडिया काउन्सिल विधेयक।'

विधेयकको प्रस्तावनामा काउन्सिल स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रुपमा स्थापना गरिने उल्लेख छ। तर विधेयकका बुँदा-बुँदा केलाउने हो भने विधेयकको दफा-दफामै समस्या छ।

काउन्सिलको स्थापना, आचारसंहिताको व्यवस्था, गठन प्रक्रिया, कारवाही, स्वतन्त्र र जवाफदेही भूमिका कति हुने भन्ने पाटोबाट गहिरिएर केलाउने हो भने काउन्सिलको स्वायत्ततालाई नियन्त्रणको सूत्रमा बाँध्न खोजिएको छ। आत्मनियमनको अवधारणालाई सरकारी नियमनको खोल ओढाइँदैछ। विधेयकका हरेकजसो प्रावधान र बुँदा नियमनभन्दा नियन्त्रणलाई प्राथमिकतामा राखेर ल्याइएको प्रष्ट देखिन्छ।

विधेयकले मिडिया काउन्सिललाई स्वतन्त्र र स्वायत्त निकायको रूपमा परिभाषित गरेको छ। तर अध्यक्ष र सदस्यहरूको नियुक्ति प्रक्रिया हेर्दा त्यो स्वतन्त्रता केवल शब्दजालमा मात्रै सीमित देखिन्छ। सिफारिस समितिको संयोजक नै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव हुने र त्यसको सदस्यमा सरकारले तोकेको विज्ञ एक जना र सञ्चार मन्त्रालयकै सहसचिव रहने व्यवस्था, त्यसपछि सरकारकै निर्णयमा नियुक्त हुने प्रावधानले काउन्सिललाई 'कार्यकारी'को औपचारिक अंग अर्थात् मन्त्रालयकै एउटा महाशाखा बनाउन खोजिएको छ। यसरी गठन हुने संरचनाबाट निष्पक्षता, स्वायत्तता र व्यावसायिकताको अपेक्षा गर्नु मुर्खता हुन्छ।

अर्धन्यायिक स्वायत्त निकायका रुपमा काउन्सिललाई अगाडि बढाउनुपर्ने आवाज पत्रकार महासंघ लगायत सरोकारवालाले उठाउँदै आएका छन्। कम्तीमा संसदप्रति उत्तरदायी भएको सिफारिस समितिले काउन्सिल पदाधिकारी सिफारिस गर्दा त्यसको ओज र गरिमा मात्र होइन, त्यसले निरुपण गर्ने न्यायप्रणाली पनि निष्पक्ष हुने अपेक्षा सरोकारवालाको थियो। राष्ट्रियसभा अध्यक्षको संयोजकत्वमा, सञ्चारमन्त्री र प्रतिनिधिसभाको सञ्चारसम्बन्धी समिति सभापति सदस्य रहेको सिफारिस समिति बनाउन पटक-पटक सरोकारवालाहरुले सुझाव दिएका थिए। अझ यसमा संसदप्रति जवाफदेही बनाउन के गर्न सकिन्छ, त्यसमा खुल्ला छलफल गर्न सकिने नेपाल पत्रकार महासंघले भन्दै आएको थियो।

'दियोपोस्ट', 'हेर्दाहेर्दै' जस्ता सञ्चारमाध्यममा काउन्सिल पदाधिकारीले देखाएको कुनियत जस्तै मिडिया काउन्सिलका पदाधिकारी जन्मिए भने पत्रकारले स्वतन्त्रतापूर्वक लिन पाउने प्रेस पास लगायतका कुरामा बन्देज लाग्न सक्छ। यो सोच आत्मनियमनभन्दा शासन-व्यवस्थाको अनुकूल छ।

तर विधेयकमा यसखालको व्यवस्था गर्न खोजिएको छैन। महासंघले उठाएको आवाजलाई अन्देखा गरिएको छ। आज सरकारमा हुनेले नियुक्ति गरिहाल्यौं भन्ने उदेश्यले कानुन निर्माण गर्न खोजिएको छ। यसरी अपरिपक्व कानुन निर्माण गर्दा त्यसले दीर्घकालमा के असर पार्नसक्छ भन्नेमा कानुन बनाउनेले सोचेको देखिँदैन।

अर्कोतर्फ, कार्यवाहक अध्यक्षको प्रावधान झनै चिन्ताजनक छ। अध्यक्ष रिक्त भएमा मन्त्रालयको सहसचिव कार्यवाहक अध्यक्ष बन्न सक्ने व्यवस्था विधेयकमा राखिएको छ। अध्यक्षको पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा अध्यक्ष नियुक्त नभएसम्म मन्त्रालयको सहसचिवले बैठक बोलाउने र अध्यक्षता गर्नेसम्मको व्यवस्था विधेयकमा छ। भलै, त्यसलाई राष्ट्रियसभाको विद्यमान व्यवस्थापन समितिले अध्यक्ष नतोकिएसम्म ज्येष्ठ सदस्यले कार्यावाहक अध्यक्षता गर्ने भनी सच्चाउन खोजेको छ। तर घुमाउरो शैलीमा आफूलाई मन नपरेका व्यक्ति अध्यक्ष भएमा उसलाई आफैँले बनाउने समितिका आधारमा हटाउने र मन्त्रालयका सहसचिवलाई वा अर्को सदस्यमध्येबाट कार्यवाहक तोकेर सरकारले अनन्तकालसम्म आफ्नो छाया बनाइराख्ने नियत देखिन्छ। सरकारको प्रशासनिक संयन्त्रबाटै कार्यकारी नेतृत्व तोकिनु भनेको 'स्वायत्त' शब्दमाथि प्रत्यक्ष प्रहार हो। यो व्यवस्थाले प्रेस स्वतन्त्रताको आत्मालाई चिरा पार्नेछ।

कार्यवाहक व्यवस्था अस्थायी हो भनेर यसलाई सामान्यीकरण गर्न खोजिएला। तर नेपालमा अस्थायीको नाममा स्थायी प्रभाव पर्ने घटनाहरूको इतिहास प्रशस्तै छ। यो 'प्रशासनिक प्रवेशद्वार' हो, जसबाट प्रेस क्षेत्रभित्र राज्यसत्ता प्रवेश गर्ने प्रयास हुन्छ। कारवाही प्रक्रियाका सन्दर्भमा कार्यक्षमताको अभाव, खराब आचरण वा पदीय दायित्व पूरा नगरेका कारण पदबाट हटाउनुपर्ने अवस्था आएमा मन्त्रालयले छानबिनका लागि उच्च अदालतबाट अवकाशप्राप्त न्यायाधीशको अध्यक्षतामा अन्य दुई जना विज्ञ समेत रहेको जाँचबुझ समिति बनाउने, उक्त समितिले हटाउन सिफारिस गरेमा मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेर सरकारले हटाउन सक्ने व्यवस्था गर्न खोजिएको छ।

सरकारले चाहेमा यसभित्र आफू अनुकूलको राजनीति गर्न प्रशस्त बाटो छ। कुनै पनि सरकारले अर्को सरकारले नियुक्त गरेका वा आफूलाई मन नपरेका मान्छे हटाउन मन लाग्यो भने कार्यक्षमताको अभाव, पदीय दायित्व पूरा नगरेको आरोप लगाउने कुरा हाम्रो सन्दर्भमा नयाँ होइन। आफैँले बनाउने जाँचबुझ समिति मन्त्रालयले प्रस्ताव गर्दा आफू अनुकूल निर्णय गर्नेहरु नै राखेर गर्ने हुन्। नाम मात्रको जाँचबुझ समिति बनाउने र कारवाहीको सिफारिस लिने प्रावधान नै यहाँ गलत छ।

पत्रकार महासंघ लगायत सरोकारवालाहरुले अध्यक्ष वा सदस्यको कारवाही प्रक्रियाका सवालमा नियुक्ति गर्दा संसदप्रति जवाफदेही हुने नियुक्ति सिफारिस समितिबाटै जाँचबुझ गर्न सुझाएको थियो। कार्यक्षमता अभाव, खराब आचरण, पदीय जिम्मेवारी पूरा नगरेका कारण पदबाट हटाउनुपर्ने अवस्था आएमा मन्त्रालयले लिखित आग्रह गर्ने, त्यसका आधारमा अध्यक्ष वा सदस्य नियुक्ति गर्न सिफारिस गर्ने सिफारिस समितिले तीन सदस्यीय जाचँबुझ उपसमिति बनाउने, त्यसले समितिलाई प्रतिवेदन दिने र प्रतिवेदनमा समितिले छलफल गरी उपसमितिले हटाउन गरेको सिफारिस स्वीकृत गरेमा नेपाल सरकारले हटाउन सक्ने गरी अलिक जनमुखी व्यवस्था राख्नु आवश्यक हुन्छ। तर विधेयकमा सञ्चार मन्त्रालयलाई सजिलो हुने बाटो खुलाउन खोजिएको छ। यसले काउन्सिलका पदाधिकारी मन्त्रालयप्रति बफादारी हुने र स्वायत्ततामाथि प्रश्न उठ्ने देखिन्छ।

विधेयकले काउन्सिललाई पत्रकार र सञ्चारमाध्यमहरूलाई नियमन गर्ने अधिकार मात्र दिएको छैन, दण्ड दिने, प्रेस पास निलम्बन गर्ने, विज्ञापनको सुविधा रोक्ने, कालोसूचीमा राख्ने जस्ता कठोर प्रावधान पनि राखेको छ। 'दियोपोस्ट', 'हेर्दाहेर्दै' जस्ता सञ्चारमाध्यममा काउन्सिल पदाधिकारीले देखाएको कुनियत जस्तै मिडिया काउन्सिलका पदाधिकारी जन्मिए भने पत्रकारले स्वतन्त्रतापूर्वक लिन पाउने प्रेस पास लगायतका कुरामा बन्देज लाग्न सक्छ। यो सोच आत्मनियमनभन्दा शासन-व्यवस्थाको अनुकूल छ। जसले प्रेसलाई 'सरकारमैत्री' बनाइराख्न चाहन्छ।

संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता र प्रेसको स्वतन्त्र अस्तित्वको संरक्षण गर्ने निकाय स्वयं सत्ताको कारिन्दा बन्ने खतराको संकेत यो विधेयकले गरेको छ। संविधानको धारा १७ र १९ ले व्याख्या गर्ने अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको मर्मसँग यो विधेयक बाँझिएको छ।

अहिले प्रेस काउन्सिलले गरिरहेको लोककल्याणकारी विज्ञापनका विषयमा विधेयक मौन छ। साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमको प्राण बनिरहेको सरकारी विज्ञापन कसरी वितरण गरिन्छ ? वर्गीकरण कसले गर्छ ? त्यसको आधार के हो ? यी सबै प्रश्नको उत्तर मिडिया काउन्सिल विधेयकमा अस्पष्ट छ।

भोलिका दिनमा बनाउने आमसञ्चार प्राधिकरणसम्बन्धी विधेयकमा यो विषय समेट्ने मौखिक तर्क गरिए पनि उक्त विधेयक आउँछ कहिले ? अनि यो बिचमा हुने के ? प्रष्टता छैन। साना र स्वरोजगारमूलक सञ्चारमाध्यम मार्ने नियत यसमा छ। अर्को वैकल्पिक व्यवस्था नहुँदासम्मको अवधिमा यही संरचनाले काम गर्छ भन्ने खोइ ?

अहिले पत्रकारिताको क्षेत्र निकै फराकिलो भएको छ। पत्रपत्रिका, रेडियो र टेलिभिजनसँगै 'न्यु मिडिया'को विकास तीव्र भइरहेको छ। माध्यमगत रुपमा मात्र होइन, विषयवस्तु र प्रवृत्तिगत आधारमा पनि पत्रकारिताको आयाम फराकिलो भएको छ। डिजिटल सञ्चार माध्यमहरुको व्याख्या, वर्गीकरण, आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सम्मको विकासका बारेमा समेत विधेयकले सोच्न सकेको छैन। लोकतन्त्रमा मिडियामाथिको नियन्त्रण कल्पना गर्न सकिँदैन। यद्यपि, नियमन हुन सक्छ, तर स्वनियमनको ढाँचामा। जसकारण समयानुकूल विधेयक आएको छैन।

पत्रकारिताको पेसागत मर्यादा कायम राख्न काउन्सिलले आचारसंहिता जारी गर्ने र त्यसलाई पालना गर्न सञ्चार माध्यम र पत्रकारको कर्तव्य हुने विधेयकमा छ। तर पत्रकार महासंघको यसमा भूमिका के हुने विधेयकले बोलेको छैन। राष्ट्रियसभाको विधायन समितिले पत्रकार महासंघसँगको परामर्शमा काउन्सिलले आचारसंहिता जारी हुने भनी केही संशोधन गर्न खोजे पनि त्यो बाध्यकारी नहुने अवस्था छ। यसो हुँदा आचारसंहिता पत्रकार महासंघसँगको सहकार्य र सहमतिमा काउन्सिलले जारी गर्ने कुरा विद्ययकमा आउनु पर्ने थियो। तर विधेयक त्यसरी आएको छैन।

नेपालको संविधानले संघीय संरचना स्वीकार गरेको छ। तर विधेयकले प्रदेश र स्थानीय तहसँग सम्बन्धित प्रेस नियमनको स्पष्ट संरचना वा समन्वयको व्यवस्था राखेको छैन। समग्र नियमन कार्य राजधानी केन्द्रित, केन्द्रीकृत ढाँचामा राखिएको छ। न कुनै प्रादेशिक प्रेस काउन्सिलको कल्पना गरिएको छ, न कुनै अन्तरसंवाद संयन्त्रको खाका प्रस्तुत गरिएको छ। यसले संघीयता र प्रेसको बहुलवादी प्रकृति दुवैलाई खलबलाउने जोखिम बोकेको छ।

एउटै थलोबाट सम्पूर्ण देशको पत्रकारिता नियमन गर्न खोज्नु लोकतान्त्रिक र संवैधानिक सोचसँग मेल खाँदैन। काउन्सिल कार्यालय केन्द्रमा रहे पनि आवश्यकताका आधारमा प्रदेशमा पनि कार्यालय राख्नेदेखि संघीय कानुनअनुसार प्रादेशिक रुपमा कानुन निर्माणका विषयमा पनि विधेयकमा बोलिएको छैन। न कुनै त्यस्तो संघीय संरचनाको संकेत गरेको छ।

प्रेस काउन्सिल ऐन, २०४८ लाई प्रतिस्थापन गर्ने उद्देश्यले २०७६ सालमा तत्कालीन नेकपाको सरकारले मिडिया काउन्सिल विधेयक संसद्मा पुऱ्याएको थियो। 'नियन्त्रणमुखी' सोच र संवादविहीन प्रक्रियाबाट आएको विधेयकले प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने संकेत दिएको भन्दै त्यसबेला पत्रकार महासंघसहित सरोकारवाला पक्षहरूले गम्भीर आपत्ति जनाएका थिए। नेपाल पत्रकार महासंघले त्यसबेला सडकमा उत्रेरै विरोध गर्नुपरेको थियो।

सरकारले विधेयक ल्याउने नाममा प्रेसको सास नियन्त्रण गर्ने नीति अंगीकार गरेको छ। यसको प्रतिकार केवल मिडियाकर्मीले मात्र होइन, समग्र नागरिक समाजको साझा अभियानमार्फत गर्नुपर्छ। प्रेसको नियमन स्वनियमनमार्फत हुनुपर्छ, राज्य नियन्त्रणमार्फत होइन।

महासंघले सुरुवाती चरणमा २९ बुँदा सच्चाउनका लागि आग्रह गरेको थियो। त्यसमध्ये २३ बुँदा संशोधनसहित राष्ट्रियसभाबाट पास भएर प्रतिनिधिसभामा आएको थियो। महासंघकै आग्रहमा बाँकी बुँदामा पनि संशोधन गरेर अगाडि बढाउन सरकार तयार भएको थियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग महासंघको तत्कालीन नेतृत्व विपुल पोखरेल, रमेश विष्ट र रोशन पुरीले महासंघले उठाएका बाँकी बुँदा संशोधन भए कानुन निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएर आएका थिए। त्यही अनुसार संसदमा लबिङका काम भएको थियो। (२०७९ पुस, सुर्खेतमा सम्पन्न नेपाल पत्रकार महासंघको साधारणसभामा पारित प्रतिवेदनमा यस विषयमा उल्लेख छ।)

तर काउन्सिलको तत्कालीन नेतृत्वले विधेयक आएर प्रारम्भ हुँदाका बखत प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा रहेका पदाधिकारीहरु स्वतः पदमुक्त हुने भएपछि छुट्टै राजनीतिक लबिङ गरेर विधेयक रोक्न सफल भयो। संसदको उक्त कार्यकाल सकिएपछि विधेयक निष्क्रिय भएको थियो। त्यसबेला काउन्सिलको तत्कालीन नेतृत्वले राष्ट्रिय सभामा संशोधन भइसकेका विषय लुकाएर पुरानै मस्यौदा देखाएर आफैं 'मिथ्या सूचना' प्रवाह गरेको थियो। ठिक त्यही शैलीमा अहिले राष्ट्रियसभाले पारित गरेको विधेयक अर्को छ, प्रतिनिधिसभाको समितिमा प्रारम्भको बेलाको मस्यौदामा छलफल भइरहेको छ भन्दै सत्ता निकट रहेकाहरुले प्रचार सुरु गरेका छन्।

सरकारमा रहेका राजनीतिक दल (मुख्यतः एमाले र कांग्रेस)बिचमा अहिले काउन्सिलको अध्यक्ष कसले लिने भन्ने भागबण्डा मिलाउन नसक्दा प्रेस काउन्सिलले दुई महिनायता अध्यक्ष पाउन सकेको छैन। 'कार्यकर्ता' अध्यक्षको खोजीमा रस्साकस्सी चलाउँदा अध्यक्ष नियुक्त हुन नसकेको देखिन्छ। त्यही मेसोमा फास्ट ट्र्याकमा मिडिया काउन्सिल विधेयक पारित गर्ने, अध्यक्ष र विधयेकको नयाँ व्यवस्थामा हुने 'कार्यकारी अधिकृत' (जो बनाउन खोजिएको छ) भागबण्डा लगाएर मेसो मिलाउन विधेयकको पासो फ्याँकेको हो कि भन्ने देखिन्छ।

मिडिया काउन्सिल विधेयक त्यत्तिकै जन्मिएको होइन। विगत दुई दशकदेखि सञ्चार क्षेत्र सुधारको नाममा बनेका विभिन्न कार्यदल र सुझाव समितिहरूले प्रेस स्वतन्त्रता, स्वायत्तता, सार्वजनिक प्रसारण सेवाको रूपान्तरण, मिडिया विविधीकरण, श्रमजीवी पत्रकारको अधिकारको संरक्षण, नियमनको स्वनियमन ढाँचाजस्ता विषयहरूमा स्पष्ट सिफारिस गर्दै आएका थिए।

२०६३ सालमा वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्कीको संयोजकत्वमा सरकारी सञ्चार माध्यमको पुनर्संरचना तथा स्वायत्ततासम्बन्धी उच्चस्तरीय कार्यदलले देखाएको दृष्टि, वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीको अध्यक्षतामा २०६३ मै बनेको उच्चस्तरीय मिडिया सुझाव आयोगको सुझाव, २०७२ मा काशीराज दाहाल नेतृत्वको सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समितिको मिडिया नीति र २०७९ मा डा. सुरेश आचार्यको संयोजकत्वमा बनेको आमसञ्चार क्षेत्र सुधार समितिको प्रतिवेदन सबैले एक स्वतन्त्र र पेसागत नियामक संरचनाको आवश्यकता औंल्याएका थिए। त्यसको आधारमा विधेयक तयार गरिएको भनिए पनि, प्रस्तुत विधेयकमा ती सुझावको आत्मा समावेश छैन। यहाँ संरचना बनाइएकै छ, तर नियन्त्रणको सूत्र धारण गरेर।

पछिल्लो पटक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०७९ फागुन २६ मा आमसञ्चार क्षेत्र सुधार सुझाव समिति बनाएको थियो। यो समितिले ४५ दिन लगाएर २०८० जेठ १९ मा सुझाव प्रतिवेदन बुझाएको थियो। तत्कालीन सञ्चारमन्त्रीले सरकारले अगाडि बढाएको कानुनहरुमा समितिले दिएको सुझाव समेट्ने प्रतिबद्धता जनाएका थिए। सरकार परिवर्तन भयो, तर विधेयकमा समितिले दिएका सुझावहरु समेटिएनन्। उल्टो विधेयकमा नेपाल पत्रकार महासंघ, विज्ञ र नागरिक समाजको प्रत्यक्ष सहभागिता वा सल्लाहको सुनिश्चितता देखिएन। संसद्का लागि उत्तरदायी हुने वा सार्वजनिक जवाफदेहिताको कुनै आधार विधेयकमा देखिँदैन। बरु मन्त्रालयमार्फत सरकारसँग सम्पर्क राख्ने प्रावधानले नियन्त्रणको चक्रलाई मजबुत बनाएको छ।

हुन त प्रेस स्वतन्त्रता स्वच्छन्दता होइन। पत्रकारितामा पनि उत्तरदायित्व र मर्यादाको अभ्यास हुनुपर्छ। तर त्यसको माध्यम सरकारले बनाउने निकाय होइन, स्वयं सञ्चार जगतले बनाउने स्वनियमन प्रणाली हो। नेपाल पत्रकार महासंघले बारम्बार प्रेस स्वतन्त्रताको संरक्षणका लागि विधेयक संशोधनको माग गर्दै आएको छ। महासंघको भूमिका अब केवल विज्ञप्ति वा औपचारिक विरोधमा सीमित हुनु हुँदैन। संसद्सँग संवाद, वैकल्पिक मस्यौदा कानुनको प्रस्ताव, सार्वजनिक बहस, नागरिक संलग्नता र अन्तर्राष्ट्रिय दबाब निर्माण जस्ता बहुआयामिक रणनीतिमा महासंघ अघि बढ्नुपर्छ।

सरकारले विधेयक ल्याउने नाममा प्रेसको सास नियन्त्रण गर्ने नीति अंगीकार गरेको छ। यसको प्रतिकार केवल मिडियाकर्मीले मात्र होइन, समग्र नागरिक समाजको साझा अभियानमार्फत गर्नुपर्छ। प्रेसको नियमन स्वनियमनमार्फत हुनुपर्छ, राज्य नियन्त्रणमार्फत होइन। पत्रकारिता सरकारको प्रचारक होइन, जनताको प्रतिनिधि हो। उसको मर्यादा, आलोचना र स्वतन्त्रता लोकतन्त्रको शक्ति हो, चुनौती होइन।

त्यसैले मिडिया काउन्सिल विधेयकको अहिलेको स्वरूपले होइन, पुनर्लेखन/संशोधनको आवश्यकता छ। सच्चा संवाद, समावेशी प्रक्रिया र स्वतन्त्रताको मूल्यमान्यतासहित पुनः विधेयकलाई पत्रकार महासंघलगायत सरोकारवालाहरुले उठाउँदै आएको चासो सम्बोधन गरेर संशोधन गरिनुपर्छ। अन्यथा, विधेयक अहिलेकै अवस्थामा पारित भएमा त्यसले न प्रेसलाई बचाउँछ, न लोकतन्त्रलाई।(अधिकारी नेपाल पत्रकार महासंघका कोषाध्यक्ष हुन्।)

> सरकारले विधेयक ल्याउने नाममा प्रेसको सास नियन्त्रण गर्ने नीति अंगीकार गरेको छ । यसको प्रतिकार केवल मिडियाकर्मीले मात्र होइन, समग्र नागरिक समाजको साझा अभियानमार्फत गर्नुपर्छ । प्रेसको नियमन स्वनियमनमार्फत हुनुपर्छ, राज्य नियन्त्रणमार्फत होइन । पत्रकारिता सरकारको प्रचारक होइन, जनताको प्रतिनिधि हो । उसको मर्यादा, आलोचना र स्वतन्त्रता लोकतन्त्रको शक्ति हो, चुनौती होइन ।

# बहुविवाहको बहस : बल्ल पुरुषको पक्षमा कानुन आउन लाग्यो !



क्षितिज आचार्य

मुलुकी अपराध संहितालाई संशोधन गर्न बनेको विधेयकमा गरिएको प्रस्ताव (बहुविवाहलाई प्रश्रय दिने प्रस्ताव) यतिबेला बहस र चर्चामा छ। विवाहेतर सम्बन्धलाई बहुविवाहमा परिणत गरी कानुनी रूपमै मान्यता दिने गरी यो प्रस्ताव आएको छ।

हुन त मेरो देशमा कानुनका मस्यौदा तयार गर्दा छलफलका लागि नागरिकस्तर वा सरोकारवालासम्म पुग्ने प्रणालीको विकास हुन सकेको छैन। कसैले कसैका लागि कानुन बनाइदिने हो, अर्थात् चालकले गाडी गन्तव्यमा पुऱ्याउनुजस्तै ठानिन्छ कानुन वा नीति-कार्यक्रम बनाउनुलाई।

सिट आरामदायी भयो कि भएन, चालकलाई पिसाब फेर्न मनलाग्दा मात्रै गाडी रोकियो कि, खाजा सही समयमा र राम्रो ठाउँमा गराइयो वा गराइएन, जंगलमा रोकेर पुरुषहरूले झाडीमा शौच गर्दा महिलालाई कठिन भयो कि ? गाडीमा महिलालाई दुर्व्यवहार गरियो कि ? जसरी यी सामान्य प्रश्नलाई चालकले बुझ्न जरुरी ठानिदैन, त्यसरी नै कानुन बनाउँदा पनि सरोकारवालालाई वास्ता गरिँदैन।

कानुन बनाउन बसेका पदाधिकारी जो हाम्रा एजेन्ट हुन् तर गाडीको चालकजस्तै हुन्। जसरी गाडीमा चालकले यात्रीको मर्म बुझ्दैन, त्यसरी नै हाम्रा कानुनका ज्ञाताले हाम्रो मर्म बुझ्छन् वा बुझ्दैनन्– प्रश्न खडा छ यहाँ। त्यसैले सरोकारवाला अर्थात् हामी स्वयं चनाखो र सजक हुनुपर्छ।

कानुन बनाउनेहरूलाई याद हुनुपर्छ, संसारमा वा नेपालमा महिला अधिकार र न्यायको क्षेत्रमा जे जति उपलब्धि भएका छन् त्यो शासकको इच्छा, चाहना र कृपाबाट मात्र प्राप्त भएको होइन; यो उपलब्धि आन्दोलन, क्रान्ति, संघर्ष, बलिदान र कडा मेहनतबाट सम्भव भएको हो।

घरभित्र सीमित राखिएका महिला; मनोरञ्जनको साधनका लागि मात्र उपयुक्त मानिएका महिला; शिक्षाबाट वञ्चित, रोजगार तथा स्वतन्त्रताको अवसरबाट टाढा राखिएका महिलाले आज अधिकार र अवसर प्राप्त गरी विभिन्न क्षेत्रमा आफ्नो क्षमता र कौशलता देखाइरहेका छन्। यो यात्रा सरल थिएन।

अहिले घर-परिवार कार्यालयतिर ठट्टाका रूपमा पनि बल्ल 'पुरुषको पक्षमा कानुन आउन लाग्यो' भन्ने सुनिएको छ। के यो कानुनलाई एक समझदार वा न्यायप्रेमी नागरिकले जायज भन्छ ?

प्राचीन समाजमा न जातीय, न लैङ्गिक, न त आर्थिक– कुनै विभेद थिएन। सरल संरचनामा सरल समाज र सरल जीवनयापन थियो तर समाजको संरचना जटिल हुँदै जाँदा शक्तिशाली वर्गले आफ्नो हितमा नियम बनाउँदै बाँकी समुदायलाई आफू अनुकूल हाँक्न थाले।

प्रकृतिद्वारा महिलालाई दिइएको प्रजनन क्षमतालाई कमजोरीका रूपमा व्याख्या गर्दै उनीहरूलाई विभिन्न अवसरबाट वञ्चित गरियो। समयक्रमसँगै महिलाले समाजका विभिन्न क्षेत्रमा सम्झौता गर्न बाध्य हुँदै गए– कहिले धर्मका नाममा, कहिले समाज त कहिले परिवारका नाममा अनेक वञ्चितीकरणमा पर्दै गए।

सन् १९२० (वि.सं. १९७७) अघि नेपाली समाजमा श्रीमानको मृत्युपछि महिला सती जाने बाध्यता थियो। महिलाको आयु श्रीमान्को आयुसँग सीमित थियो। महिलाहरू जिउँदै जलिरहँदा समाज मौन थियो– यिनै अवस्थाबाट महिलाले आफूलाई मुक्त गर्दै आजसम्मको अवस्था निर्माण गरेका हुन्। कानुन नबन्दासम्म धर्म, रीतिरिवाज नै कानुन थिए।

विवाहेतर सम्बन्ध वा परस्त्री गमनलाई विभिन्न धार्मिक दृष्टिकोणबाट हेरौं। परस्त्री गमन वा विवाह बाहिरको सम्बन्ध भन्नाले आफ्नै पत्नी वा पतिबाहेक अरूसँग शारीरिक वा यौनसम्बन्ध कायम गर्नु बुझिन्छ। विश्वका प्रायः धर्मले यसलाई अनैतिक, पापकर्म तथा सामाजिक र पारिवारिक मूल्य विरुद्धको कार्यका रूपमा व्याख्या गरेका छन्।

हिन्दु धर्ममा परस्त्री गमनलाई गम्भीर पाप मानिएको छ। मनुस्मृति, महाभारत र रामायणजस्ता ग्रन्थमा यसले परिवार, वंश र समाजको पतन गराउने उल्लेख पाइन्छ। साथै यस्ता कार्यले नर्कमा जानुपर्ने र आगामी जन्ममा दुःख भोग्नुपर्ने भनिएको छ। श्रीराम र सीताको आदर्श जीवनशैलीलाई उदाहरण दिँदै पति-पत्नीको निष्ठा र शीलपालनलाई विशेष महत्त्व दिइएको छ। बौद्ध धर्ममा पनि यौनाचरणमा संयम र नैतिकता पालना गर्न जोड दिइएको छ। पञ्चशीलको चौथो शीलले विवाहबाहिरको सम्बन्धलाई काम, आशक्ति र लोभको परिणाम मानी मानसिक अशान्ति तथा कर्मदोष उत्पन्न गराउने बताउँछ।

बुद्धले गृहस्थ जीवनमा श्रद्धा, इमानदारी र परोपकारलाई मूल मूल्य मानेका छन्। इस्लाममा परस्त्री गमनलाई जिना (हराम) मानिन्छ र ठुलो गुनाहको रूपमा चित्रण गरिएको छ। कुरान र हदिसमा यसलाई रोक्न कडा आदेश दिइएको छ। कतिपय मुस्लिम राष्ट्रमा यसका लागि कोर्रा हान्ने वा पत्थरले हानेर मृत्युदण्डजस्ता सजायको व्यवस्था गरिएको छ। इस्लामले नारी-पुरुष दुवैलाई पर्दा, इज्जत र संयममा बस्ने शिक्षा दिन्छ।

क्रिस्चियन धर्ममा विवाहबाहिरको सम्बन्धलाई व्यभिचार भनिन्छ, जुन दश आज्ञामध्ये एक मुख्य आज्ञा उल्लङ्घन गर्ने कार्य हो। बाइबलमा व्यभिचारलाई पाप मानी विवाहप्रतिको निष्ठा र शुद्धताको शिक्षा दिइएको छ। साथै येशु ख्रिष्टले मनमै व्यभिचार गर्ने सोच राख्नु पनि गलत भएको शिक्षा दिएका छन्। शिख धर्ममा पनि विवाहबाहिरको सम्बन्धलाई अनैतिक र पापकर्म मानिन्छ। गुरु ग्रन्थ साहिबमा दाम्पत्य जीवनको निष्ठा र संयमलाई धर्मपालनको महत्त्वपूर्ण अंशका रूपमा वर्णन गरिएको छ।

बच्चाको सवाल हो भने उसको शिक्षा, स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूत हुने नियम ल्याउने हो। नियमलाई नियमन गर्ने हो, राज्य अभिभावक बन्ने हो तर यस्तो बच्चा जन्माउन कानुनले नै बढावा दिने होइन।

### अन्तर्राष्ट्रिय महिला आन्दोलन र नेपाल

महिला अधिकारका लागि अन्तर्राष्ट्रिय स्तरमा थुप्रै आन्दोलन भए; जुन एक लामो अनि संघर्षपूर्ण यात्रा हो, जसले विश्वका विभिन्न भूगोल, संस्कृति र ऐतिहासिक परिस्थितिहरूलाई छोएको छ। यी आन्दोलनले विश्व समुदायमा तरंग पैदा गरेको थियो।

महिलावादी आन्दोलनको आरम्भिक चरणमा म्यारी वुलस्टोनक्राफ्टको नाम विशेष रूपमा उल्लेखनीय मानिन्छ। उनले सन् १७९२ मा 'अ भिन्डिकेसन अफ् द राइट्स अफ् ओमन' प्रकाशित गरिन्, जसमा महिलालाई सामाजिक, राजनीतिक, शैक्षिक तथा श्रमका क्षेत्रमा समान अधिकार दिनुपर्ने धारणा अघि सारिएको थियो। यो पुस्तकले महिलाहरू पुरुषहरूलाई खुसी पार्ने साधन हुन् भन्ने प्रचलित सामाजिक मान्यतालाई चुनौती दियो। त्यसपश्चात् १९औँ शताब्दी र २० औँ शताब्दीको प्रारम्भसम्म महिलावादी आन्दोलन विभिन्न रूपमा अगाडि बढ्यो। सन् १८४८ मा अमेरिकामा सम्पन्न 'सेनेका फल्स' सम्मेलन पहिलो महिला अधिकार सम्मेलनका रूपमा ऐतिहासिक मानिन्छ। समान मताधिकार आन्दोलनका क्रममा सन् १८९३ मा न्युजिल्यान्डले पहिलोपटक महिलालाई मतदान अधिकार दियो, जसपछि क्रमशः बेलायत, अमेरिका र अन्य देशमा पनि महिलाले मतदान अधिकार पाउन थाले।

सन् १९०४ मा स्थापित 'इन्टरनेसनल अलाइन्स अफ् ओमन'ले महिला अधिकार आन्दोलनलाई अन्तर्राष्ट्रिय स्तरमा सशक्त बनायो। सन् १९६० देखि १९८० को दशकमा सिमोन डी बुवा (द सेकेन्ड सेक्स पुस्तककी लेखिका) र बेटी फ्रिडन (द फेमिनी मिस्टिक पुस्तककी लेखिका) जस्ता महिलावादी चिन्तकले आन्दोलनलाई बौद्धिक आधार प्रदान गरे। यस चरणमा महिलाविरुद्धको हिंसा, घरेलुहिंसा, गर्भपतन अधिकार तथा कामको विभाजनजस्ता मुद्दालाई केन्द्रीय एजेन्डा बनाउँदै आन्दोलन अघि बढ्यो। संयुक्त राष्ट्रसंघको सक्रियताले पनि यस अवधिमा गति थप्यो – सन् १९७५ मा अन्तर्राष्ट्रिय महिला वर्ष घोषणा (१९७५-१९८५) लाई महिला दशक घोषणा तथा १९७९ मा महिलाविरुद्धको सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि (सीईडीएडब्लु) स्वीकार गरियो।

# प्रकोपको सामना गर्न विश्वव्यापी साझेदारीका लागि प्रधानमन्त्रीको आह्वान



तुर्कमेनिस्तान । प्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तनका कारण उत्पन्न चुनौतीहरुको सामनाका लागि विश्वव्यापी सहकार्य र साझेदारी बढाउन जोड दिनुभएको छ ।

भूपरिवेष्ठित विकासशील राष्ट्रहरू (एलएलडिसी) को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनका क्रममा बुधबार आयोजित ' जलवायु परिवर्तनका कारण सिर्जित प्रकोपमा भूपरिवेष्ठित विकासशील देशहरुले अवलम्बन गर्नुपर्ने अनुकूलन क्षमताको अभिवृद्धि र लचिलोपन' विषयका छलफल सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपालले कार्बन उत्सर्जनमा अति न्यून योगदान गरे पनि नेपालले जलवायु परिवर्तनको प्रतिकूल असर भोगिरहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले दिगो विकासको चुनौती सामनाका लागि समन्वयात्मक काम गर्न आग्रह गर्दै नेपालको हिमशृङ्खला पग्लने क्रमले मानवीय र भौतिक जोखिम हुने गरेकाले जलवायु परिवर्तनमा हिमालदेखि समुद्रसम्मको रक्षाको अवधारणाका साथ सगरमाथा संवाद कार्यक्रम आयोजना गरिएको स्मरण गराउनुभयो ।

उहाँले नेपालले जलवायु जोखिम न्यूनीकरणका लागि दीर्घकालीन एकीकृत अनुकूलन रणनीति पनि तयार गरेकाले सोको कार्यान्वयनका लागि विदेशी साझेदार संस्थाहरुले पनि सघाउनुपर्नेमा जोड दिनुभयो । समृद्री सतह वृद्धिमा कारण हिमाल पग्लन थालेको तथ्य राख्दै उहाँल हिमालदेखि समुद्रसम्मको एकीकृत जलवायु अनुकूलन कार्ययोजना बनाउन विश्वसमुदायसँग आग्रह गर्नुभयो ।

"हिमालय प्राकृतिक रिचार्ज सिस्टम भएकाले हिमाल पग्लन र समुद्रको तापक्रम बढ्न नदिन विश्वव्यापी साझा प्रयास आवश्यक छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "दिगो विकासका लक्ष्यको प्राप्ति गर्न समन्वयात्मक र एकीकृत प्रयासका लागि हामीले विश्वव्यापी साझा प्रयासलाई अझ गति दिनुको विकल्प छैन । यसमा नेपालकोतर्फबाट उचित सहकार्य हुनेछ । सम्मेलनका क्रममा प्रधानमन्त्री ओलीका आजका लागि निर्धारित औपचारिक कार्यक्रमहरु सकिएका छन् ।"रासस

> "हिमालय प्राकृतिक रिचार्ज सिस्टम भएकाले हिमाल पग्लन र समुद्रको तापक्रम बढ्न नदिन विश्वव्यापी साझा प्रयास आवश्यक छ"

# प्रतिनिधिसभा : विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकले 'औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव र 'भन्सार विधेयक, २०८० माथि राष्ट्रियसभाबाट भएको संशोधनमा विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गरेको छ । बैठकमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक सम्पत्ति विधेयक र उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले भन्सार विधेयक प्रस्तुत गर्नुभएको थियो ।

क्रमशः औद्योगिक सम्पत्तिसम्बन्धी विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उद्योगमन्त्री भण्डारीले औद्योगिक सम्पत्तिसम्बन्धी कानुन प्रर्याप्त नभएकाले नेपाली वस्तुको इनोभेटिभ, स्टार्टप र नवीन प्रवर्द्धनलाई ध्यान दिएर समयसापेक्ष कानुन बनाउनका लागि विधेयक ल्याइएको बताउनुभयो । विधेयकलाई समयसापेक्ष र मौलिकताको जगेर्ना उजागर, खोज र आविष्कार समयसापेक्षा बनाएर समृद्ध बनाउन टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

"हाम्रा वस्तुको अरूले लेबलिङ, ब्राण्डिङ र व्यवसायीकरण गर्नुपर्ने अवस्था छ । त्यसैले इनोभेटिभ र अनुसन्धानलाई ध्यान दिएर विधेयक ल्याइएको हो", उहाँले भन्नुभयो ।

विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसदहरू वासुदेव घिमिरे, मैना कार्की, दामोदर पौडेल वैरागी, प्रतिमा गौतम, भगवती चौधरी, ज्वालाकुमारी साह, किरणकुमार साह, हेमराज राई, रणेन्द्र बराइली, विद्या भट्टराई, बिमला सुवेदी, दुर्गा राई, सराज अहमद फारुकी, नारायणी शर्मा, उर्मिला माझी, अम्बरबहादुर रायमाझी, प्रेम सुवाल र रमा कोइराला पौडेल सहभागी हुनुभयो ।

यस्तै भन्सार विधेयकमाथि सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उपप्रधानमन्त्री पौडेलले राष्ट्रियसभाबाट संशोधनसहित पारित भएर आएको विधेयकलाई पारित



गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रियसभाबाट पारित भएको विधेयकमा सारभूत रूपमा भिन्नता छैन । भाषिक सम्पादनलगायत केही विषय मात्रै भिन्नता रहेका छन् । राष्ट्रियसभाबाट गरिएको संशोधन उचित रहेकाले यसलाई पारित गरेर लैजादा उपयुक्त हुन्छ ।"

उक्त विधेयकको सैद्धान्तिक छलफलमा सांसदहरू किरणकुमार साह, नारायणी शर्मा, नागिना यादव, भगवती चौधरी र ज्वालाकुमारी साह सहभागी हुनुभयो । बैठकमा सभामुख देवराज घिमिरेले विषयगत समितिमा सदस्य हेरफेरसम्बन्धी सूचना पढेर सुनाउनुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही साउन २७ गते मङ्गलबार दिउँसो १ बजे बस्नेछ ।

**तस्करलाई कानुनी दायरामा ल्याउन सांसदद्वारा सरकारको ध्यानाकर्षण**

प्रतिनिधिसभाको बैठकमा बोल्ने सांसदहरूले मदिरा तस्करी नियन्त्रणमा गम्भीर हुन आग्रह गर्दै तस्करलाई कानुनी दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

सदस्यहरू रञ्जुकुमारी झा र रेखा यादवले सप्तरीमा मदिरा तस्करी नियन्त्रणका क्रममा प्रहरीको गोली प्रहारबाट एक जनाको मृत्यु भएको घटनाको विरोध जनाउनुभएको छ ।

सभाको बैठकमा विशेष समयमा उहाँहरूले तस्करी नियन्त्रणका क्रममा गोलीगठ्ठाको प्रयोग नगरी तस्करीमा संलग्नलाई कानुनको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

मदिरा तस्करी नियन्त्रण गर्ने क्रममा सप्तरीमा प्रहरीले गोली चलाउँदा स्थानीय लालु यादवको मृत्यु भएको थियो । भारतीय सीमा नजिकबाट मदिरा तस्करीमा 'सर्च अप्रेसन' चलाउँदा प्रहरी र स्थानीयबीच झडप भएको थियो । सांसदहरूले तस्करीले राजस्व चुहावट र नियन्त्रणका क्रममा जनताको मृत्यु भइरहेको भन्दै यसतर्फ गम्भीर हुन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । जनता समाजवादी पार्टीका सांसद झाले भन्नुभयो, "तस्करीको निदान एवं नियन्त्रण, कानुनी कारबाहीका लागि सरकार किन गम्भीर छैन ?"

जनता समाजवादी पार्टी नेपालका सांसद रेखा यादवले कानुनी दायरामा ल्याउन आग्रह गर्नुभयो । "देशमा तस्करी, कालाबजारी हुनुहुँदैन। तर त्यसको सजायको यन्त्र गोलीगठ्ठा नै हो त ? त्यसलाई कानुनी दायरामा ल्याउन नपर्ने हो ?", उहाँले भन्नुभयो । सांसद यादवले सुक्खाग्रस्त क्षेत्र घोषणा र स्थलगत अवलोकनपछि पनि मधेस प्रदेशका जनतालाई राहतको कार्यक्रम प्रभावकारी नदेखिएको टिप्पणी गर्नुभयो ।

विशेष समयमा जनमत पार्टीका सांसद अब्दुल खाँनले तीनै तहका सरकारको काम र जिम्मेवारी स्पष्ट पार्दै जनताले अनुभूत गर्नेगरी सेवाप्रवाह गर्नुपर्नेमा जोड दिनुभयो । "जनतालाई तीनै तहको सरकारको अनुभूति गराउन सकेनौँ", सांसद खाँनले भन्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले मधेस प्रदेशका जिल्लालाई जलसङ्कट र मरुभूमि हुनबाट बचाउन उदयपुर, सिन्धुली र मकवानपुर जिल्लामा पर्ने चुरे भावर क्षेत्रलाई समेटेर पुनःसंरचना गर्नुपर्ने बताउनुभयो ।

उहाँले रासायनिक मलको बहुउपयोग हुनेहुँदा किसानलाई अभाव हुने गरेको बताउनुभयो । मल खरिदको अनुमति निजी फार्मलाई दिनुपर्ने उहाँको भनाइ थियो ।

यस्तै, आमजनता पार्टीका सांसद प्रभु साहले संसदीय गरिमा खस्कँदै गएकोतर्फ सबैलाई सचेत गराउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद नारायणप्रसाद आचार्यले विद्यालय शिक्षा पाठ्यक्रम सुधार आधारभूत तहदेखि माध्यमिक तहसम्म पाठ्यक्रमको व्यावहारिक, समावेशी र समसामयिक बनाउने कार्य थालनी भएको भन्दै यसलाई प्रभावकारी, समयसापेक्ष बनाउनुपर्नेमा जोड दिनुभयो ।

एमाले सांसद गङ्गाप्रसाद यादवले मुसहर समुदायको उत्थान र विकासका लागि सभामुखमार्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । सोही पार्टीका सांसद अमृतादेवी अग्रहरीले जलवायु परिवर्तनको प्रभावले मधेसमा पर्याप्त वर्षा नभएको भन्दै जथाभावी बस्ती निर्माण र वन फँडानी नियन्त्रण गर्नुपर्ने बताउनुभयो ।

सरकारलाई मात्र दोषारोपण नगरी चुरे संरक्षणमा सबै सचेत हुनुपर्ने उहाँको भनाइ थियो ।

नेकपा(एमाले)का सांसद सूर्यकुमारी श्रेष्ठले आउँदो चाडपर्वमा देशभरको सुरक्षित सडक यात्रा, स्वस्थ्यकर खानपान र महँगी नियन्त्रणका लागि सभामुखमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । विशेष समयमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले समसामायिक विषयमाथि ध्यानाकर्षण गराउनुभएको थियो । रासस

# पूर्णरुपमा बालविवाहको अन्त्य गरिनुपर्छ : सभापति साह



काठमाण्डु । प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिका सभापति किरणकुमार साहले कानुन निर्माण गरेर पूर्णरुपमा बालविवाहको अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले बालविवाहको कल्पना पनि गर्न नसकिने वातावरण बनाउनुपर्ने बताउनुभयो ।

युनिसेफको सहयोगमा महिला विकास र कानुनमञ्च (एफडब्लुएलडी) ले बालबालिकासम्बन्धी पहिलो संशोधन विधेयक, २०८२ माथि प्रतिनिधिसभाका सांसदसँग आज छलफल गरेको थियो ।"बालविवाहको कल्पना पनि गर्न सकिँदैन" सभापति साहले भन्नुभयो, "परिवर्तनशील समाजमा समयसापेक्ष कानुन निर्माण गर्नु आजको आवश्यकता हो ।" सभापति साहले नेपालमा भएका कुनै पनि बाल सुधारगृह मापदण्डअनुरुपको नभएको उल्लेख गर्दै सुधारगृहमा रहेका बालबालिका जोखिममा रहेको बताउनुभयो ।

विषयगत समितिमा दफावार छलफलपछि प्रतिनिधिसभामा टेबुल हुने तयारीमा रहेको बालबालिकासम्बन्धी पहिलो संशोधन विधेयकमा धेरै नयाँ कुरा समयसापेक्ष समेटिएको र अन्तरराष्ट्रिय सन्धि-सम्झौतासँग नबाझिने भएको बताइएको छ । सभापति साहले कसैको स्वार्थबाट प्रेरित नभइ समय सापेक्ष र बालहितमा केन्द्रित रहेर विधेयक आएको बताउनुभयो ।

बालबालिकासम्बन्धी मौजुदा ऐनबारे सांसदहरुलाई श्रव्यदृश्यमार्फत् अवगत गराइएको थियो । एफडब्लुएलडीका कार्यकारी निर्देशक सविन श्रेष्ठले बालबालिकासम्बन्धी पहिलो संशोधन विधेयकसम्बन्धी प्रस्तुति दिनुभएको थियो । उहाँले विधेयकमा बालन्यायमा केन्द्रित रहेर संशोधन विधेयक आएको र थप केही संशोधन गर्न सके अझ राम्रो हुने बताउनुभयो ।

अधिवक्ता विधान खनियाले संशोधन विधेयक तयार गर्दाका अवस्था र समेटिएका विषयबारे जानकारी गराउनुभयो । बाल अधिकार परिषद्का श्रीराम अधिकारीले दफा ४३ र २४ बारे विचार गर्न सांसदहरुलाई आग्रह गर्नुभयो । युनिसेफ प्रतिनिधि रामप्रसाद गौतमले दफा ६२ मा बाल मनोविज्ञको स्थानमा बालमनोविमर्शकर्ता राख्न सुझाव दिनुभयो । उहाँले साइबरबाट हुने हिंसाबारे विधेयक मौन रहेकोबारे सांसदको ध्यानाकर्षण गराउनुभयो ।

सुझावले विधेयकमा संशोधन हाल्न सजिलो भएको सहभागी सांसदहरुले बताएका थिए । सांसद रञ्जुकुमारी झाले विधेयकमा रहेका केही अस्पष्ट प्रावधानलाई स्पष्ट पार्न छलफल कार्यक्रमले सजिलो भएको बताउनुभयो । सांसद प्रतिक्षा तिवारीले पीडित स्वयंलाई उपस्थित गराएर कार्यक्रम गरिएको भए अझ प्रभावकारी हुने सुझाव दिनुभयो ।

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले बालबालिकासम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकले समेट्न बाँकी विषय सांसदलाई अवगत गराउन कार्यक्रम आयोजना गरेको बताउनुभयो । रासस

# संघ सरकारसमक्ष १० वटा माग राख्दै गण्डकी प्रदेश

गण्डकी । गण्डकी प्रदेशस्थित विकास समस्या समाधान समितिको बैठकमा बाँदरको आतङ्क नियन्त्रणदेखि रामसार क्षेत्रको संरक्षण र व्यवस्थापनसम्मका विषयमा सङ्घ सरकारले सहयोग गर्नुपर्ने माग उठेको छ ।

प्रदेश नीति तथा योजना आयोगद्वारा बुधबार पोखरामा आयोजित समितिको १२औँ बैठकले विभिन्न क्षेत्रका १० वटा माग समेटेर राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरेको हो ।

प्रदेशस्तर र सङ्घ सरकारबाट समाधान हुनुपर्ने विषयमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, विषयगत मन्त्रालयका मन्त्री, सचिव, स्थानीय तहका प्रमुखलगायत सरोकार भएका पक्षहरूबीच भएको बैठकमा १० वटा माग समेटेर राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने विषयमा छलफल भएको आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले जानकारी दिनुभयो ।

बैठकले अनुमोदन गरेको पहिलो प्रस्तावमा विगतमा प्रदेश विकास समस्या समाधान समितिबाट निर्णय भई राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गरिएका निर्णय कार्यान्वयनका लागि सङ्घ सरकारलाई पुनःअनुरोध गर्ने निर्णय गरिएको छ ।

समितिका सदस्यहरूले बैठकका निर्णय आंशिक मात्र कार्यान्वयन भएको भन्दै हरेक निर्णयको प्रभावकारी



कार्यान्वयनमा जोड दिँदै आएका छन् । नवलपुरको त्रिवेणी गाउँपालिकाको दुम्किबासबाट त्रिवेणीसम्मको हुलाकी मार्गमा लामो समयदेखि अलपत्र अवस्थामा रहेको आठ किमी सडक निर्माणमा सहजीकरण गरिदिन सङ्घ सरकारसमक्ष माग गरिएको छ ।

प्रदेश सरकारको क्षेत्राधिकार स्पष्टताका लागि कार्य विस्तृतीकरण प्रतिवेदनको यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने, सङ्घीय अनुदानमा सञ्चालित आयोजना सम्पन्न नहुँदासम्मको स्रोत व्यवस्थापन गर्नुपर्ने र सङ्घ सरकारबाट सञ्चालित प्रोदिशक विषयगत मन्त्रालय बजेट प्रविष्टि प्रणालीलगायत सूचना प्रणालीमार्फत प्रदेशलाई आवश्यक पर्ने प्रतिवेदन प्राप्तिका लागि पहुँच उपलब्ध गराउन सङ्घ सरकारसमक्ष अनुरोध गरिएको छ ।

बैठकले प्रदेश राजधानी पोखराका रामसार सूचीमा सूचीकृत नौ वटा तालको दिगो संरक्षण गरी पर्यापर्यटनमार्फत अर्थोपाजनका लागि स्थानीय तह र प्रदेश सरकारसँग सहकार्य तथा समन्वय गरी व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्न अनुरोध गरेको आयोगका उपाध्यक्ष डा देवकाटाले बताउनुभयो । वन, वनस्पति तथा भू-संरक्षणसम्बन्धी विकास कार्यक्रमलाई प्रकृतिमा आधारित भएर सञ्चालन गर्न र सोसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गर्नुपर्नेमा जोड दिइएको उहाँको भनाइ छ ।

बैठकले बँदेल र बाँदरलाई यस वर्ष पनि कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गर्न सङ्घीय वन तथा वातावरण मन्त्रालयमार्फत सङ्घ सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ । कृषि आयकरका विषयमा सङ्घ सरकारले ऐनमा भएको व्यवस्थामा थप स्पष्टता ल्याउन र सङ्घ सरकारको स्वामित्वमा रही प्रदेश सरकारले उपभोग गरिरहेका जग्गाको स्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्ने पक्रियामा सहजीकरण गरिदिन सङ्घ सरकारसमक्ष अनुरोध गरिएको हो ।

प्रदेशमा सञ्चालित आयोजना बैंकको प्रभावकारी कार्यान्वयन नहुँदा विनियोजन कुशलता अपेक्षित रूपमा हासिल हुन नसकेकामा प्रदेश आयोजना बैंक कार्यविधिअनुसार विषयगत मन्त्रालय तथा निकायलाई आफू मातहतका आयोजना आयोजना बैंक प्रणालीमा अद्यावधिक गर्न बैठकले निर्देशन दिएको छ ।

यस्तै नदीजन्य निर्माण सामग्रीको रोयल्टी सङ्कलनलाई व्यवस्थित बनाउन कानुनी व्यवस्था मिलाउने र बजेट क्यालेण्डर निर्माण गरी अनिवार्य रूपमा कार्यान्वयन गर्ने निर्णय भएको उपाध्यक्ष डा देवकोटाले बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले बैठकले गरेका निर्णय राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गरिने जानकारी दिनुभयो । विगतमा गरिएका निर्णयको प्रभावकारी कार्यान्वयनका लागि आफूले सक्दो पहल गरिरहेको उहाँको भनाइ छ ।

मुख्यमन्त्री पाण्डेले उत्पादनमूलक क्षेत्रमा स्थानीय तहसँग सहलगानी र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । प्रदेशको प्रशासनिक पुनःसंरचना गर्न लागिएको उल्लेख गर्दै उहाँले त्यसबाट प्रशासनिक खर्च कटौती हुने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले बाँकी रहेका स्थानीय तहमा कानुनी सहजकर्ता नियुक्तिका लागि छिट्टै प्रक्रिया अगाडि बढाइने बताउनुभयो ।

गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डे, कास्कीको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, बागलुङको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीलगायतले बैठकमा सुझाव राख्नुभएको थियो ।रासस

# विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग छिट्टै एकता हुन्छ : महासचिव गुरुङ



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देव गुरुङले नेत्रविक्रम चन्द 'विप्लब' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग छिट्टै एकता हुने बताउनुभएको छ ।

बुधबार सम्वाद डबलीले आयोजना गरेको अन्तरसंवादमा गुरुङले तत्काल वार्ता टोली गठन गरी एकताका आधार तयार गर्ने जानकारी दिनुभयो ।

गुरुङले देशमा बढ्दै गएको व्यवस्थामाथिको खतरा र समाजवादी क्रान्तिका लागि विचार मिल्ने शक्तिबीचको एकता अत्यावश्यक भएको बताउनुभयो । "अहिले विप्लबजीको पार्टीसँग मात्रै नभएर देश, जनता र समयको मागअनुसार नेकपा (एस)सँग पनि एकताका लागि छलफल चलेको छ", गुरुङले भन्नुभयो ।

नेकपासँगको एकता विचार राजनीतिक प्रतिबद्धतामा त्यति धेरै भिन्नता नदेखिएकाले छिटो एकता गर्न सहज हुने बताउदै गुरुङले भन्नुभयो, "समाजवादी क्रान्तिका लागि न्यूनतमदेखि अधिकतम कार्यक्रम, सङ्गठन कसरी बलियो बनाउने, सदन र सडकसम्म सङ्घर्ष कसरी गर्ने भन्नेलगायत विषयबारे छलफल गरेर एकता आधार तयार गर्नुपर्नेछ ।"

भिजिट भिसा प्रकरणमा गृहमन्त्रीको राजीनामा माग गरेर निरन्तर सदन अवरुद्ध गर्दा महत्त्वपूर्ण विधेयक रोकिने भएकाले दुई बुँदे सहमति गरेको विषय स्थायी कमिटीले सही भएको मूल्याङ्कन गरेको उहाँले बताउनुभयो । 'कुलिङ पिरियड' प्रकरणबारे बनेको छानबिन समितिले सही निष्कर्ष निकालेर त्यसलाई सच्याउनुपर्नेमा आफ्नो पार्टी प्रतिबद्ध रहेको उहाँको भनाइ छ ।

त्यसैगरी, कार्यक्रममा विप्लव नेतृत्वको नेकपाका स्थायी समिति सदस्य कर्णजित बुढाथोकी सुशीलले माओवादीले स्थायी समितिबाट आफ्नो पार्टीसँग एकता गर्ने भन्ने निर्णय स्वागतयोग्य रहेको बताउनुभयो ।समाजवादी मोर्चा कर्णाली प्रदेश इञ्चार्जसमेतरहनुभएकाबुढाथोकीले आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा तथा समाजवादी क्रान्तिका लागि माओवादी धार र समाजवादी मोर्चामा आबद्ध पार्टीबीच एकता ध्रुवीकरण हुनुपर्ने धारणा राख्नुभयो ।रासस

# माओवादीका कारण व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टीको जोडवलमा व्याख्यात्मक टिप्पणीसहित 'एमसिसी' पारित भएको बताउनुभएको छ ।

निर्मल लामा स्मृति प्रतिष्ठानका अध्यक्ष लीलामणि पोखरेलद्वारा लिखित 'नेपालमा एमसिसी' पुस्तक विमोचन गर्दै उहाँले व्याख्यात्मक टिप्पणीसहित पारित भएकाले 'एमसिसी' नेपालका पक्षमा रहेको बताउनुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "जनताका अगाडि सर्वसम्मतरुपमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको छ, त्यो आफैँमा राष्ट्रिय स्वाधिनताका लागि आन्दोलन गर्ने ढोका बनेको छ, माओवादीले छाडेर हिँड्दा जस्ताको तस्तै पास हुने अवस्था थियो, त्यसो हुन दिएनौँ । अब त्यसमा बोल्ने ठाउँ रहेको छ ।"

उहाँले अन्तरराष्ट्रिय कानुनका ज्ञाताबाट प्राप्त सुझावसहित भियना 'कन्भेन्सन'का आधारमा केही बोल्ने ठाउँ रहने जानकारी प्राप्त भएपछि माओवादी केन्द्रको जोडवलमा व्याख्यात्मक टिप्पणीसहित एमसिसी पारित भएको स्पष्ट गर्नुभयो । रासस

# समयसीमा नजिकिँदै गर्दा अमेरिकी राजदूत विटकफ रुसमा

एएफपी

मस्का ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन युद्धमा नयाँ प्रतिबन्ध लगाउने समयसीमा नजिकिँदै गर्दा अमेरिकी राजदूत स्टिभ विटकफ बुधबार मस्को आइपुग्नुभएको र उहाँले रुसी नेतृत्वसँग भेटघाट गर्नुहुने सरकारी राज्य सञ्चारमाध्यमले जनाएको छ।

ट्रम्पले रुसलाई युक्रेनमा आक्रमण रोक्न वा नयाँ दण्डको सामना गर्न शुक्रबारसम्म समय दिनुभएको छ ।ह्वाइट हाउसले शुक्रबार कुन विशेष कारबाही गर्ने योजना छ भनेर स्पष्ट पारेको छैन, तर ट्रम्पले पहिले चीन र भारत जस्ता रुसका बाँकी व्यापारिक साझेदारहरूलाई लक्षित गर्दै 'माध्यमिक भन्सार शुल्क' लगाउने धम्की दिनुभएको छ।

यस कदमले रुसी निर्यातलाई रोक्ने लक्ष्य राखेको छ, तर यसले महत्त्वपूर्ण अन्तर्राष्ट्रिय अवरोधको जोखिम निम्त्याउने छ ।ट्रम्पले मङ्गलबार कुनै आर्थिक बदलाका साथ अगाडि बढ्नुअघि मस्को वार्ताको नतिजाको प्रतीक्षा गर्ने बताउनुभएको थियो ।"के हुन्छ हामी हेर्नेछौँ", उहाँले पत्रकारहरूलाई भन्नुभयो, "हामी त्यो समयमा त्यो निर्णय गर्नेछौँ ।"

मस्को आइपुगेपछि, विटकफलाई राष्ट्रपतिका विशेष प्रतिनिधि किरिल दिमित्रिभले स्वागत गर्नुभएको रूसी राज्य समाचार एजेन्सी तासले बताएको छ।एक अमेरिकी स्रोतले बैठकहरूमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन समावेश हुनुहुन्छ कि हुनुहुन्न भनेर स्पष्ट पारेन। पुटिनलाई विटकफले



पहिले धेरै पटक भेट गर्नुभएको छ ।वासिङ्टनको दबाबका बावजुद, रुसले आफ्नो पश्चिमी समर्थक छिमेकी युक्रेनविरुद्ध आफ्नो अभियान जारी राखेको छ।

इस्तानबुलमा तीन चरणको शान्ति वार्ताले सम्भावित युद्धविरामको विषयमा कुनै प्रगति गर्न सकेको छैन र दुवै पक्ष पहिलेभन्दा धेरै टाढा देखिएका छन् ।मस्कोले युक्रेनले थप भूभाग छाड्नु पर्ने र पश्चिमी समर्थन त्याग्नु पर्ने माग गरेको छ ।किएभले तत्काल युद्धविरामको आह्वान गरिरहेको छ र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले गत हप्ता आफ्ना सहयोगीहरूलाई मस्कोमा 'शासन परिवर्तन' का लागि दबाब दिन आग्रह गर्नुभयो ।

**आणविक बयानबाजी**


रुसको निरन्तर आक्रमणलाई लिएर ट्रम्पले हालैका हप्ताहरूमा पुटिनप्रति बढ्दो निराशा व्यक्त गर्नुभएको छ ।सोमबार पत्रकारहरूले विटकफको मस्कोलाई के सन्देश हुनेछ र रुसले प्रतिबन्धबाट बच्न केही गर्न सक्छ कि भनेर सोध्दा ट्रम्पले जवाफ दिनुभयो, "हो, एउटा सम्झौता गर्नुहोस् जहाँ मानिसहरू मार्न बन्द हुन्छन् ।"

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले सोमबार उहाँहरूले विटकफसँगको वार्तालाई 'महत्त्वपूर्ण, ठोस र सहयोगी' ठानेको र द्वन्द्व अन्त्य गर्न अमेरिकी प्रयासको कदर गरेको बताउनुभयो ।युद्धविरामको आह्वानलाई लगातार अस्वीकार गर्दै आउनुभएका पुटिनले शुक्रबार आफूले शान्ति चाहेको तर करिब साढे तीन वर्षको आक्रमण अन्त्य गर्ने उहाँको माग अपरिवर्तित रहेको बताउनुभयो।

रुसले युक्रेनलाई मस्कोले कब्जा गरेको दाबी गर्ने चार क्षेत्रको नियन्त्रण प्रभावकारी रूपमा हस्तान्तरण गर्न बारम्बार आह्वान गरेको छ। उक्त मागलाई किएभले अस्वीकार्य भनेको छ। पुटिनले युक्रेनले नाटोमा सामेल हुने महत्त्वाकांक्षा पनि त्यागोस् भन्ने चाहनुहुन्छ ।रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवसँगको अनलाइन विवादपछि ट्रम्पले दुईवटा आणविक पनडुब्बीहरू अहिले 'यस क्षेत्रमा' तैनाथ गरेको बताउनुभएपछि विटकफको भ्रमण भएको हो।

ट्रम्पले आणविक शक्तिसम्पन्न वा आणविक हतियारसम्पन्न पनडुब्बीहरू भन्ने हो भनेर भन्नुभएको छैन । उहाँले सटीक तैनाथी स्थानहरूको बारेमा पनि विस्तार गर्नुभएन । यसलाई अमेरिकी सेनाले गोप्य राखेको छ ।तैनाथीमा आफ्नो पहिलो टिप्पणीमा रुसले सोमबार 'सावधानी' अपनाउन आग्रह गरेको छ ।"रुस आणविक अप्रसारको विषयमा धेरै सचेत छ र सबैजना आणविक बयानबाजीमा धेरै, धेरै सावधान हुनुपर्छ भन्नेमा हामी विश्वास गर्छौं", क्रेमलिनका प्रवक्ता पेस्कोभले भन्नुभयो।

# एनपिएल अक्सन : १५० खेलाडीको अन्तिम सूची घोषणा




काठमाण्डु । घरेलु मैदानमा आयोजना हुने दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को खेलाडी छनोटका लागि हुने अक्सनमा आज १५० जना खेलाडीको अन्तिम सूची घोषणा भएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले बुधबार सार्वजनिक गरेको सूचीमा ४५८ जना खेलाडीले दर्ता गरेकामा ती खेलाडीको अन्तिम सूची घोषणा गरेको छ। एनपिएलमा सहभागी आठ टोलीले इच्छाएका तथा क्यानको प्राविधिक टोलीले बनाएको मापदण्डअनुसार ती खेलाडीलाई अन्तिम सूचीमा समावेश गरिएको क्यानले जनाएको छ।

ती खेलाडीलाई विभिन्न श्रेणीमा विभाजन गरिएको छ । यसमा श्रेणी ए मा आठ खेलाडी परेका छन्। यसमा अर्जुन साउद, दिलीप नाथ, देव खनाल, पवन सर्राफ, शरद भेष्वाकर, मोहम्मद आदिल अन्सारी, सूर्य तामाङ र सुमन गौतम छन्।

त्यस्तै श्रेणी बी मा अनिल खरेल, अर्जुन कुमाल, दीपक बोहोरा, कृष्ण कार्की, प्रज्वल थापालगायत ३५ तथा श्रेणी सी मा १०७ जना खेलाडी छन्। उक्त प्रतियोगिताको लागि यही साउन २४ गते अक्सन हुने क्यानले जनाएको छ ।रासस

# ट्रम्पका दूत र पुटिनबीच भेटवार्ता

एपी

मस्को ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधबार मस्कोमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टीव विटकफसँग भेटवार्ता गर्नुभएको क्रेमलिनले जनाएको छ।

यो भेटवार्ता ह्वाइट हाउसले रुसलाई युक्रेनसँग शान्ति सम्झौता गर्न दिएको समयसीमाको केही दिनअघि भएको हो। यदि शान्ति सम्झौता नभए रुसको तेल किन्ने देशहरूलाई पनि असर पर्न सक्ने गम्भीर आर्थिक दण्डको सम्भावना छ।

क्रेमलिनले यस भेटवार्ताका थप विवरणहरू तुरुन्तै प्रदान गरेको छैन। यसअघि, विटकफले रूसी राष्ट्रपतिको लगानी र आर्थिक सहयोगका लागि दूत किरिल दिमित्रिएभसँग क्रेमलिनबाट एक ढुङ्गा फ्याँक्ने जर्याडे पार्कबाट बिहानको पैदल यात्रा गर्नुभएको तासले प्रसारण गरेको फुटेजले देखाएको छ।

दिमित्रिएभले हालैका महिनाहरूमा इस्तानबुलमा रुस र युक्रेनका प्रतिनिधिमण्डलहरूबीच भएका तीन चरणका प्रत्यक्ष वार्ताहरू र रुसी तथा अमेरिकी अधिकारीहरूबीचका छलफलहरूमा मुख्य भूमिका खेल्नुभएको थियो। रुसले आफ्नो छिमेकी देश युक्रेनमाथि आक्रमण गरेपछि भएको तीन वर्षे युद्ध अन्त्य गर्न यी वार्ताहरूले कुनै प्रगति हासिल गर्न सकेका छैनन्।

पुटिनका लागि ट्रम्पको समयसीमा शुक्रबार समाप्त हुन्छ। वासिङ्टनले हत्या नरोकिए 'कडा भन्सार शुल्क' र अन्य आर्थिक दण्डको धम्की दिएको छ ।युद्धका लागि मनोबल र जनताको रुचि घटाउने उद्देश्यले युक्रेनको नागरिक क्षेत्रमा रुसले बढ्दो आक्रमण गरेकोमा ट्रम्पले पुटिनप्रति बढ्दो निराशा व्यक्त गर्नुभएको छ। पछिल्ला महिनाहरूमा ट्रम्पले रुसी राष्ट्रपतिलाई नरम हुन आग्रह गर्नुभए पनि तीव्र आक्रमणहरू भएका छन्।

मङ्गलबारदेखि बुधबारसम्म



रुसी सेनाले युक्रेनको दक्षिणी जापोरिजिया क्षेत्रमा रहेको मनोरञ्जन केन्द्रमा आक्रमण गरी दुई जनाको ज्यान लिएको र दुई बालबालिका सहित १२ जना घाइते भएको क्षेत्रीय गभर्नर इभान फेडोरोभले बुधबार बताउनुभएको छ ।रुसी सेनाले यस क्षेत्रमा कम्तीमा चार पटक आक्रमण गरे र सुरुमा शक्तिशाली ग्लाइड बमहरूले आक्रमण गरे।

"यो आक्रमणमा कुनै सैन्य अर्थ छैन । केवल धम्क्याउनका लागि क्रूरता मात्र छ", युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले टेलिग्राममा पोस्ट गरेर भन्नुभयो ।युक्रेनले जाडोको तयारी गरिरहेको बेला रुसले युक्रेनी पावर ग्रिड र तताउने ग्यास सुविधाहरूमा पनि आक्रमण गरेको जेलेन्स्कीले बताउनुभयो। पश्चिमी विश्लेषकहरू र युक्रेनी अधिकारीहरूले पुटिनले समयको खेल खेलिरहनुभएको र रुसी सेनाले युक्रेनको थप भूमि कब्जा गर्न खोज्दा गम्भीर वार्तालाई टालिरहेको बताएका छन्।

वसन्तमा सुरु भएको र शरद ऋतुसम्म जारी रहने अपेक्षा गरिएको रुसी आक्रमण गत वर्षको भन्दा छिटो अगाडि बढिरहेको छ तर ढिलो र महँगो लाभहरू मात्र प्राप्त गरिरहेको छ र कुनै प्रमुख सहरहरू कब्जा गर्न सकेको छैन ।फ्रन्ट लाइनको स्थिति युक्रेनी सेनाहरूका लागि गम्भीर छ तर रक्षा ध्वस्त हुने अवस्थामा नभएको विश्लेषकहरूले बताएका छन् ।मङ्गलबार ट्रम्पले रुसी तेल किन्ने राष्ट्रहरूमा भन्सार शुल्क लगाउने आफ्नो धम्कीको सम्बन्धमा 'हेरौँ के हुन्छ' भन्नुभयो। यसले चीन र भारतमा आयात करमा नाटकीय वृद्धि गर्न सक्छ।

"भोलि हाम्रो रुससँग बैठक छ", ट्रम्पले भन्नुभयो, "हेरौँ के हुन्छ । त्यस समयमा हामी त्यो निर्णय गर्नेछौँ।"आफूले सार्वजनिक रूपमा कुनै निश्चित शुल्क दरमा प्रतिबद्धता नजनाएको ट्रम्पले बताउनुभयो। क्रेमलिनमाथि कूटनीतिक र आर्थिक दबाब बढाउनाले रुस-अमेरिका सम्बन्धहरू बिग्रँदै गएको अवस्थामा अन्तर्राष्ट्रिय तनाव बढाउने जोखिम छ।

वासिङ्टनस्थित सेन्टर फर युरोपियन पोलिसी एनालिसिसले यस हप्ता एक मूल्याङ्कनमा हालैका वर्षहरूमा गठबन्धन देशहरूसँग रुसको पश्चिमी भागमा सैन्य निर्माण सहित 'क्रेमलिनले नाटोसँग व्यापक टकरावका लागि तयारी गरिरहेको छ भन्ने स्पष्ट सङ्केतहरू छन्' भन्दै चेतावनी दिएको थियो। पुटिनले चीन, उत्तर कोरिया र इरानसँग रुसको सैन्य सम्बन्ध बलियो बनाउनुभएको छ।

यसैबीच, नाटोले मङ्गलबार युक्रेनमा ठूला पश्चिमी हतियार प्याकेजहरूको नियमित डेलिभरी समन्वय गर्न थालेको बताएको छ। युरोपेली सहयोगीहरू र क्यानाडाले संयुक्त राज्य अमेरिकाबाट ढुवानी गर्ने योजना बनाएका अधिकांश उपकरणहरू किनिरहेका छन् । ट्रम्प प्रशासनले युक्रेनलाई कुनै पनि हतियार सहयोग गरिरहेको छैन ।पुटिनले आफू सम्झौता गर्न तयार हुनसक्ने कुनै सङ्केत दिनुभएको छैन । बरु उहाँ र वरिष्ठ क्रेमलिन अधिकारीहरूले देशको सैन्य शक्तिको प्रशंसा गर्नुभएको छ। पुटिनले गत हप्ता रुसको नयाँ हाइपरसोनिक मिसाइल सेवामा प्रवेश गरेको घोषणा गर्नुभयो। उक्त मिसाइललाई उहाँको भनाइअनुसार हालको नाटो वायु रक्षा प्रणालीहरूले रोक्न सक्दैनन्।

यसैबेला, रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवले युक्रेन युद्धले रुस र अमेरिकालाई सशस्त्र द्वन्द्वमा ल्याउन सक्ने चेतावनी दिनुभएको छ। यसको जवाफमा ट्रम्पले दुई अमेरिकी आणविक पनडुब्बीहरू पुनःस्थापना गर्न आदेश दिनुभयो ।क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले सोमबार विटकफको भ्रमणलाई स्वागत गर्नुभएको छ । "हामी (विटकफसँगको वार्ता) महत्त्वपूर्ण, ठोस र धेरै उपयोगी ठान्दछौँ", उहाँले भन्नुभयो।ट्रम्पले सुरुमा मस्कोलाई ५० दिनको समयसीमा दिनुभएको थियो, तर पछि क्रेमलिनले युक्रेनी सहरहरूमा बम प्रहार गर्न जारी राखेपछि आफ्नो अल्टिमेटम अगाडि बढाउनुभयो।

तथापि, ट्रम्प आफैँले तिनीहरूको प्रभावकारितामा शङ्का गर्दै आइतबार रुसले 'प्रतिबन्धहरूबाट बच्न धेरै राम्रो साबित भएको छ' भन्नुभयो । "तिनीहरू चतुर चरित्रका छन्", उहाँले रुसीहरूका बारेमा भन्नुभयो ।क्रेमलिनले आफ्नो छिमेकीमाथि सन् २०२२ फेब्रुअरीको आक्रमणपछि लगाइएको अन्तर्राष्ट्रिय प्रतिबन्धहरूले सीमित प्रभाव पारेको छ भनी जोड दिएको छ ।प्रतिबन्धहरूले मस्कोको युद्ध मेसिनमा प्रभाव पारिरहेको र पश्चिमी सहयोगीहरूले तिनीहरूलाई बढाउनुपर्ने युक्रेनले बताएको छ।

# हिरोशिमा आणविक वम विस्फोटको ८० बर्ष



एएफपी

हिरोशिमा । हिरोशिमामा आणविक बम बारी भएको ८० वर्ष पूरा भएको अवसरमा जापानले बुधबार एक समारोहको आयोजना गरी विश्वलाई आणविक हतियार आतङ्कको सम्झना गराएको छ । सन् १९४५ अगष्ट ६ मा अमेरिकी विमान एनोला गेले पश्चिमी जापानी शहरमा ' लिटिल ब्वाय' खसालेको क्षणको जापानको स्थानीय समयअनुसार बिहान ८:१५ बजे मौन प्रार्थना गरिएको थियो।

बिहानीपख कालो पोसाक लगाएका सयौँ अधिकारी, विद्यार्थी र आक्रमणका समय बाँचेकाहरूले मृतकको सम्झनामा बनाइएका स्मारक (सेनोटाफ) मा फूलहरू चढ्याएर उनीहरूप्रति भावपूर्ण श्रद्धा व्यक्त गरेका छन्। श्रद्धाञ्जलि सभालाई सम्बोधन गर्दै हिरोशिमाका मेयर काजुमी मात्सुईले मृतकको सम्झना गर्दै उनीहरू श्रद्धाञ्जलि अर्पण गर्नुभयो । कार्यक्रममा उहाँले युक्रेनमा रुसको आक्रमण र मध्यपूर्वमा जारी अराजकताको पृष्ठभूमिमा 'विश्वभरि नै सैन्य निर्माणतर्फ तीव्र प्रवृत्ति बढेको' भन्दै चिन्ता व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, "यी घटनाक्रमले अन्तर्राष्ट्रिय समुदायले इतिहासको त्रासदीबाट सिक्नुपर्ने पाठलाई बेवास्ता गरेको देखिन्छ।

"उहाँले थप्नुभयो, "उनीहरूले शान्ति स्थापनाका लागि गरिएको धेरै मेहनत ध्वस्त पार्ने चेतावनी दिएका छन्।" हिरोशिमा आक्रमणमा मृत्यु हुनेको अन्तिम सङ्ख्या लगभग एक लाख ४० हजार थियो । उनीहरू विशाल विस्फोट र आगोको गोलाले मात्र होइन, आक्रमण र त्यसपछिको विकिरण, प्रदुषण र सङ्क्रमणका कारण पनि प्रभावित भएका थिए।

'लिटिल ब्वाय' को तीन दिनपछि अगस्ट ९ मा नागासाकीमा अर्को आणविक बम विस्फोट हुँदा ७४ हजार मानिसको मृत्यु भएको थियो । आक्रमणपछि तत्कालिन विश्व शक्ति जापानले अगस्ट १५ मा आत्मसमर्पण गरेपछि दोस्रो विश्वयुद्धको पनि अन्त्य भएको थियो । आज हिरोशिमा १२ लाख जनसङ्ख्या रहेको एक समृद्ध महानगर बनेको छ तर आक्रमणहरू धेरैको सम्झनामा जीवितै छन्।

समारोहको सुरूवातमा 'सेनोटाफ'को अगाडि पीडितहरूलाई श्रद्धाञ्जलि दिन लामबद्ध ठूलो भीडले मृतकको सम्झनामा प्रार्थनासँगै भएको थियो । बुधबार बिहान सबेरै भएको सभामा आक्रमणमा परी आफ्ना प्रियजन गुमाएका परिवार पनि प्रार्थना गर्न आएका थिए।

आफ्नो नातिसँग ह्वीलचेयरमा आएकी ९६ वर्षीया योशी योकोयामाले आक्रमणको कहानी सुनाउदै यसमा आफुले आफ्ना आमाबुबा रहजुरबाहजुरआमालाईविस्फोटसँगै गुमाएको बताउनुभयो। अझै पनि जीवित रहनुभएकी योकोमायाल भन्नुभयो, "मेरा हजुरबुवाको मृत्यु बम विस्फोटलगत्तै भएको थियो भने मेरा बुबा र आमा दुवैको विस्फोटबाट फैलिएको विकिरणका कारण क्यान्सर भई मृत्यु भएको थियो।"

उहाँले प्रसङ्गलाई जोड्दै भन्नुभयो, "मेरा सासू-ससुराको विस्फोटका कारण मृत्यु भएको थियो । त्यसैले शान्तिपछि युद्धभूमिबाट फर्किँदा मेरा पतिले उनीहरूलाई नदेखेको बताउनुहुन्थ्यो।"

"मानिसहरु अझै पनि पीडित छन्," उहाँले थप्नुभयो ।बुधबारको समारोहमा पहिलो पटक ताइवानी र प्यालेस्टिनी प्रतिनिधिसहित करिब १२० देश र क्षेत्रबाट आएका व्यक्ति सहभागी हुने बताइएको छ।

गत वर्ष नोबेल शान्ति पुरस्कार जितेको तल्लो स्तरको संस्था निहोन हिडान्क्योले हिबाकुशा भनिने पीडितहरूको घट्दो सङ्ख्याको प्रतिनिधित्व गरिरहेको छ। जापानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्चसम्ममा ९९ हजार १३० जना हिबाकुशा थिए र उनीहरुको औसत आयु ८६ वर्ष थियो । "म चाहन्छु, विदेशी दूतहरूले शान्ति स्मारक सङ्ग्रहालयको भ्रमण गरून् र के भयो भनेर बुझून्," समूहका सहअध्यक्ष तोसियुकी मिमाकीले स्थानीय सञ्चारमाध्यमलाई बताउनुभयो। पोप लियो चौधौंले जारी गरेको वक्तव्यमा भनिएको छ, "बढ्दो विश्वव्यापी तनाव र द्वन्द्वको हाम्रो समयमा हिरोशिमा र नागासाकी आणविक हतियारले निम्त्याएको गहिरो भयावहताको जीवित स्मरण गराउँछन्।"

**युवा पुस्ता**

युद्धकालमा आणविक बमको प्रयोग भएको यो एक मात्र घटना हो ।बाल्यकालमा विस्फोटबाट बाँचेका ८० वर्षीय कुनिहिको साकुमाले एएफपीसँग कुरा गर्दै आणविक हतियारमुक्त विश्व बन्नेमा आफू आशावादी रहेको बताउनुभयो।

"यसका लागि युवा पुस्ताले कडा मेहनत गरिरहेको छ," उहाँले भन्नुभयो ।'बुलेटिन अफ द एटोमिक साइन्टिस्ट्स'को ' मानवजातीको विनासको घडी' लाई सङ्केत गर्ने साङ्केतिक समय जनवरीको मध्यरातमा ९० बाट ८९ सेकेन्डमा सरेको थियो अर्थात् यसको ७८ वर्षको इतिहासको यो सबैभन्दा नजिक पुगेको छ र यसका लागि विश्वको आणविक हतियार मोह जिम्मेवार देखिन्छ।

सन् २०२२ मा रुसले युक्रेनमा गरेको आक्रमणपछि मानवजातिको विनाशबाट दूरीको प्रतीकको रूपमा रहेको घडीलाई अन्तिम पटक मध्यरातमा ९० सेकेन्डमा पुगेको (सारिएको) थियो। यो सन् २०१५ मा तीन मिनेट, सन् २०१७ मा दुई मिनेट ३० सेकेन्ड, सन् २०१८ मा दुई मिनेट र सन् २०२० मा १०० सेकेन्ड पुगेको थियो। यो समयले मानव विनासको जोखिमलाई साङ्केतिक रूपमा प्रस्तुत गर्छ।

'स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री)' का अनुसार विश्वका १२ हजारभन्दा बढी आणविक हतियार र विस्फोटक पदार्थ बोक्ने उपकरण वा रकेट मध्ये ९० प्रतिशत रुस र संयुक्त राज्य अमेरिकामा रहेको विश्वास गरिन्छ।

गत जुनमा सिप्रीले दिएको चेतावनीमा भनिएको थियो, "हतियार नियन्त्रण गर्ने शासन गम्भीर रूपमा कमजोर भएको समयमा खतरनाक नयाँ आणविक हतियारको दौड देखा परेको छ । अहिले लगभग नौ वटा आणविक शक्ति सम्पन्न राष्ट्रहरूले आफ्नो शस्त्रागारको आधुनिकीकरण गरिरहेका छन्।"

यसै महिनाको सुरुमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसका पूर्व राष्ट्रपति दिमित्री मेदभेदेवसँग अनलाइन विवाद भएपछि दुई वटा आणविक पनडुब्बी तैनाथ गर्न आदेश दिएको बताउनुभएको थियो । अमेरिकी राष्ट्रपतिले सन् १९४५ को आणविक बम विस्फोटलाई जुनमा इरानमा भएको हवाई आक्रमणसँग तुलना गरेपछि गत महिना मात्सुईले ट्रम्पलाई हिरोशिमा भ्रमण गर्न आग्रह गर्नुभएको थियो।

"मलाई यस्तो लाग्छ कि उहाँले आणविक बम विस्फोटको वास्तविकतालाई पूर्ण रूपमा बुझ्नुभएको छैन। यी हतियार प्रयोग गरियो भने धेरै निर्दोष नागरिकको ज्यान जान्छ, चाहे उनीहरू मित्र वा शत्रु हुन् र यसले मानव जातिको अस्तित्वलाई खतरामा पार्छन्," मात्सुईले गत महिनाको एक कार्यक्रममा भन्नुभएको थियो।

"यी घटनाक्रमले अन्तर्राष्ट्रिय समुदायले इतिहासको त्रासदीबाट सिक्नुपर्ने पाठलाई बेवास्ता गरेको देखिन्छ ।" उहाँले थप्नुभयो, "उनीहरूले शान्ति स्थापनाका लागि गरिएको धेरै मेहनत ध्वस्त पार्ने चेतावनी दिएका छन्।" हिरोशिमा आक्रमणमा मृत्यु हुनेको अन्तिम संख्या लगभग एक लाख ४० हजार थियो ।

# फ्रान्समा भीषण डढेलो : एक जनाको मृत्यु, नौ जना घाइते

एएफपी

लाग्रास । फ्रान्सको दक्षिणी क्षेत्रमा फैलिएको एक भीषण डढेलोलाई नियन्त्रणमा लिन सयौं अग्निनियन्त्रकहरू खटिएका छन्। उक्त आगलागीबाट एक जना नागरिकको ज्यान गएको छ भने नौ जना घाइते भएको पुष्टि गरिएको छ।

अड प्रिफेक्चरकी महासचिव लुसी रोएस्चका अनुसार, "डढेलो अझै पूर्ण रूपमा नियन्त्रणमा आएको छैन र हालको मौसमीय अवस्था–खडेरी, तीव्र गर्मी र हावाका कारण स्थिति प्रतिकूल बन्दै गएको छ।"

उक्त डढेलो मंगलबार सुरु भएको हो र यसले हालसम्म अड क्षेत्रका कम्तीमा २५ घरमा क्षति पुर्‍याएको छ। करिब दुई हजार अग्निनियन्त्रक उक्त आगो निभाउने कार्यमा निरन्तर जुटिरहेका छन्। यो डढेलो यस वर्षको फ्रान्समा अहिलेसम्मकै सबैभन्दा ठूलो भएको जनाइएको छ।

एक ज्येष्ठ महिलाको आफ्नै निवासमा ज्यान गएको पुष्टि गरिएको छ। एक जना अझै बेपत्ता छन्। दुई जना घाइतेमध्ये एकको अवस्था चिन्ताजनक रहेको जनाइएको छ। साथै, सात जना अग्निनियन्त्रकहरू धुवाँको कारण घाइते भएका छन्।

अहिलेसम्म करिब १२ हजार हेक्टर (२७ हजार एकड) क्षेत्रफल आगलागीबाट प्रभावित भएको बताइएको छ।

रोएस्चले भन्नुभयो,"डढेलो त्यस्ता क्षेत्रमा फैलिँदैछ जहाँ प्राकृतिक अवस्था आगो फैलिन अनुकूल छन्। यसलाई नियन्त्रणमा लिन केही दिन लाग्ने सम्भावना रहेको छ।"

डढेलोको जोखिमका कारण केही क्याम्पिङ स्थलहरू र कम्तीमा एक बस्ती आंशिक रूपमा सुरक्षित स्थानमा सारिएको छ भने केही सडकहरू पनि अस्थायी रूपमा बन्द गरिएका छन्।

५१ वर्षीय डेविड सेर्दानले, "मैले सबै वस्तुहरू पछि छोडेर सुरक्षित स्थानतर्फ प्रस्थान गर्नुपर्‍यो," भन्दै घटनाप्रति दुःख व्यक्त गर्नुभयो।

# चितवनमा दुर्लभ पुतली 'सिल्वर स्ट्रिकेड एकासिया ब्लु' अभिलेख



चितवन । चितवन राष्ट्रिय निकुञ्जमा दुर्लभ पुतली 'सिल्वर स्ट्रिकेड एकासिया ब्लु' भेटिएको छ । यही साउन २० गते दिउँसो १२:३० बजे चितवन राष्ट्रिय निकुञ्जको गेट अगाडि रहेको वन क्षेत्रमा नेपालका लागि अतिदुर्लभ मानिएको पुतली 'सिल्वर स्ट्रिकेड एकासिया ब्लु' अर्थात् जिनास्पा टोडरा अभिलेख गरिएको पोखरा पक्षी समाजका अध्यक्ष मनोजशान्त घिमिरेले बताउनुभयो ।

उक्त पुतलीलाई सौराहाका अनुभवी नेचर गाइड रोजन सुवेदीले पहिलोपटक देखेपछि, मिलन तामाङ, विशाल लामा, वासु विडारी तथा पुतली विज्ञ टेकबहादुर गुरुङको टोलीले पहिचान गरी विस्तृत अध्ययनका लागि आवश्यक विवरण सङ्कलन गर्नुभएको थियो । पुतली पहिचानमा पोखराबाट साजन केसी, नेदरल्याण्डका विज्ञ पिट भान पोल, सुरेन्द्र परियार र चितवनका टेकबहादुर गुरुङसहितको विशेषज्ञ टोलीको सहकार्यमा पुष्टि गरिएको घिमिरेले जानकारी दिनुभयो ।

यो प्रजातिको पहिलो अभिलेख सन् १९७४ मा मकवानपुरमा पुतली बाजे भनेर चिनिएका कोलिन स्मिथले गर्नुभएको थियो । ५१ वर्षयता नेपालमा पुनः देखिएको यो दोस्रो अभिलेख हो, जुन चितवनको जैविक विविधताको दृष्टिकोणले महत्त्वपूर्ण रहेको बताइएको छ ।

हालसम्म नेपालमा करिब ६९२ प्रजातिका पुतली अभिलेख भएका छन् भने चितवनमा मात्रै ३०० भन्दाबढी प्रजातिका पुतली छन् । यो नयाँ अभिलेखले चितवनको जैविक सम्पदा थप समृद्ध बनाएको जनाइएको छ । यसले सौराहा क्षेत्रका प्रकृतिप्रेमी, नेचर गाइड र अनुसन्धानकर्ताका लागि प्रेरणा जगाएको छ ।रासस

# थारु समुदायका महिला 'भेंम्टी' खोज्न व्यस्त

कञ्चनपुर । साउनको झरीले खेत पाखा राम्रैसँग भिजिसकेका छन् । धानका गाँजा हरिया भएका छन् । खेतबारीबाट फुर्सदिला भएका यहाँका थारु समुदायका महिला-पुरुषहरू वर्षातको झरीको पर्वाह नगरी भेंम्टी (जङ्गली च्याउ) खोज्न व्यस्त छन । "बर्खाको समयमा बनतिर गइहाल्न मन लागिहाल्छ", शुक्लाफाँटा नगरपालिका-१० का राजबहादुर चौधरी भन्नुहुन्छ, "भेंम्टीको स्वाद एक पटका लागि भएपनि चाख्नैकै लागि वन चहार्दै हिड्नु परेको छ ।" वर्षातका बेला भेंम्टीको तरकारी खानुको मज्जा बेग्लै हुने गरेको उहाँ बताउनुहुन्छ । वर्षातमा थारु समुदायको पोषिलो खान्कीमा भेंम्टी रहने गर्दछ ।

थारु भाषामा 'च्याउ' लाई भेंम्टी भनिन्छ । यो च्याउ पोषिलो, नरम र स्वादिलो हुने गर्दछ । साउन, भदौ, असोज र कात्तिक गरी चार महिनामा जङ्गल डुल्नेहरूको उद्देश्य एउटै हुन्छ । खाने लायक भेंम्टीको खोजी । भेंम्टीको तरकारी निकै स्वादिलो हुने भएकाले वन क्षेत्रबाट नखोजी घरै नफर्कने भोंसुवा चौधरी बताउनु हुन्छ ।"हामीलाई थाहा हुन्छ" किसान चौधरीले भन्नुभयो, "कुन च्याउ( भेंम्टी) विषालु हो र कुन खान मिल्ने, खान मिल्ने च्याउ मात्रै टिप्छौं ।" पूर्खौ देखि खान योग्य र अयोग्य च्याउको पहिचान गर्न थारुलाई आउने गरेको उहाँ बताउनु हुन्छ ।

उहाँका अनुसार साउन महिनाको भेंम्टी सानो टुप्पो भएको, लामो जरासहितको हुन्छ । भदौ असोजतिर टाउको ठूलो, जरा अझ लामो । "कहिलेकाहीँ त एक हातसम्म लामो जरा भएको च्याउ पनि भेटिन्छ" चौधरी भन्नुहुन्छ । कात्तिकमा चाहिँ भेंम्टी सानो प्रजातीको हुन्छ, यसलाई 'कटकी' भनिन्छ । वर्षातमा पाइने भेंम्टी एकै ठाउमा धेरै पाइन्छ । "वनका सबै ठाउमा भेंम्टी पाईदैन" ६८ वर्षीय परदेशी डगौराले भन्नुभयो, "कुन कुन ठाउमा भेंम्टी पाईन्छ, कुन बेला पाईन्छ, त्यो कुरा बुढापाकाहरुलाई र उहाँहरुको संगत गर्नेहरुलाई मात्रै थाहा हुन्छ, ।" "यो वर्ष जुन ठाउमा भेंम्टी पाईयो, अर्को वर्ष पनि त्यही ठाउमा भेंम्टी पाईन्छ, ठाउ चिन्न सक्नु परयो, विशेष गरी भेंम्टी औसी र पूर्णिमाका




दिन उर्मिने गरेको बुढापाकाहरुबाट सुनेको छु" उहाँ भन्नुहुन्छ । उहाँका अनुसार भेंम्टी च्याउको तरकारी खाने व्यक्तिलाई पेट सम्बन्धी रोगहरु र उच्चरक्तचापबाट छुटकारा पाईन्छ । विशेष गरी यो च्याउ विशेष गरी धमिराले बनाएका पुराना माटोको ढिस्को नजिक पाईन्छन ।

थारु समुदायको परम्परा अनुसार, भेंम्टी केवल वनबाट टिप्ने वस्तु मात्र होइन, यो त चाडपर्वका बेला पाहुनालाई पस्कीने विशेष परिकार पनि हो ।

दशैं, अष्टम्की जस्ता पर्वहरूमा पाहुनाहरुका लागि भेंम्टीको सुकुटी र माछा मिसाएर बनाइने स्वादिलो परिकारका दाल, भात, र मासु संगै पस्कीने गरिन्छ ।"भेंम्टी थोरै मात्रामा खाए औषधि, धेरै खाए रोग," अनुभवी थारुहरू भन्नुहुन्छ, "धेरै भेंम्टीको तरकारी खाए यसले पखाला लगाउछ, सन्तुलन मिलाएर खाएमा यसले पेटमा हुने अपचलाई ठिक गर्दछ ।"

सही भेंम्टी छुट्याउने कला थारु समुदायमा पीढी दर पीढी सर्दै आएको छ । थारु समुदायका बुढापाकाहरुका अनुसार खाने च्याउ गहिरो जरा भएको, समूहमा उम्रिएको, टिप्दा सजिलै नटुट्ने हुन्छ ।"नखाने च्याउ सानो जरा भएको टुट्ने बित्तिकै टुक्रिने, र अलिक फरक रंगको हुन्छ, देख्ने बित्तिकै थारु आँखाले चिनिहाल्छ" चौधरी भन्नुहुन्छ ।च्याउमा प्रोटिन, खनिज र भिटामिन हुन्छ । बोसोको मात्रा निकै न्यून हुने भएकाले पचाउनका लागि सहज हुने उहाँको भनाई रहेको छ । "थारु समुदायले प्राचिन काल देखिनै च्याउलाई तरकारीका रुपमा पकाएर खान थालेका हुन" उहाँले भन्नुभयो, "अहिले पनि जारी राखेका छन, वन क्षेत्र संरक्षण गरिदा भने सहज रुपमा च्याउ टिप्न पाइने गरेको भने छैन, वन छिर्न झन्झट हुन थालेपछि नयाँ पिढीले भेंम्टी टिप्न छाडदै गएका छन ।"रासस

# खाद्यान्नमा कोशी प्रदेश आत्मनिर्भर



विराटनगर । कोशी प्रदेशमा गएको आर्थिक वर्षमा दुई लाख ७५ हजार २६७ हेक्टर जग्गामा कूल ११ लाख ८२ हजार २२१ मेट्रिक टन वर्षे धानबाली उत्पादन भएको छ । कृषि विकास निर्देशनालय विराटनगरका अनुसार प्रदेशमा कूल सात लाख १३ हजार ३३३ हेक्टर जग्गा खेतीयोग्य छ ।

सिँचाइको अभाव र आकाशे पानीको निर्भरताले सबै जग्गामा बाली लगाउन किसान सकिरहेका छैनन् । चार दशमलव २९ मेट्रिक टन उत्पादकत्व रहेको धानबाली अघिल्लो वर्षको तुलनामा एक दशमलव ९७ प्रतिशत बढी क्षेत्रमा धान बढी लगाइएको थियो भने उत्पादन पनि तीन दशमलव १९ प्रतिशत बढी भएको हो ।

निर्देशनालयका अनुसार सो अवधिमा ४३ हजार ८६८ हेक्टर जग्गामा चैते धान दुई लाख ३८ हजार ३०८ मेट्रिक टन, मकै दुई लाख ७७ हजार १६६ हेक्टर जग्गामा ११ लाख ६६ हजार १४८ मेट्रिक टन, कोदो ५७ हजार २७४ हेक्टर जग्गामा ८५ हजार ९७२ मेट्रिक टन, गहुँ ५१ हजार ६३५ हेक्टर जग्गामा एक लाख ३७ हजार ७३० मेट्रिक टन, फापर दुई हजार ८९६ हेक्टर जग्गामा चार हजार ७७५ मेट्रिक टन र जौ ९८६ हेक्टर जग्गामा एक हजार २८५ मेट्रिक टन उत्पादन भएको हो ।

सो अवधिमा सुन्तला आठ हजार १०७ हेक्टर जग्गामा ६४ हजार ८२४ मेट्रिक टन र हिउँदे फलफूल दुई हजार ८७३ हेक्टर जग्गामा २१ हजार ४४ मेट्रिक टन उत्पादन भएको थियो । सुन्तलाको उत्पादकत्व आठ मेट्रिक टन र हिउँदे फलफूलको उत्पादकत्व सात दशमलव ३२ मेट्रिक टन रहेको निर्देशनलायको भनाइ छ ।

प्रदेशमा आव २०८१/८२ मा दलहन बाली ३५ हजार १३२ हेक्टर जग्गामा ४० हजार ९३७ मेट्रिक टन र तेलहन बाली ४१ हजार ६८१ हेक्टर जग्गामा ५१ हजार ५१५ मेट्रिक टन उत्पादन भएको निर्देशनालयका निर्देशक प्रकाशकुमार डाँगीले जानकारी दिनुभयो ।

उहाँका अनुसार आलु ६६ हजार ३९९ हेक्टर जग्गामा १० लाख ८७ हजार ४११ मेट्रिक टन, अलैंची १४ हजार १९१ हेक्टर जग्गामा सात हजार १५० मेट्रिक टन, उखु पाँच हजार ९३२ हेक्टर जग्गामा तीन लाख ४२ हजार २८५ मेट्रिक टन, च्याउ छ हजार १२१ मेट्रिक टन उत्पादन भएको हो ।

उहाँले आलु र उखुको उत्पादन बढे पनि अलैंचीको उत्पादन पाँच दशमलव सात प्रतिशतले कमी भएको जानकारी दिँदै सरदर प्रदेशमा एक व्यक्ति १९१ केजी खाद्यान्न आवश्यकतालाई पूरा गरेर सो अवधिमा छ लाख ९७ हजार ३५५ मेट्रिक टन बचत भई खाद्यान्नमा आत्मनिर्भर भएको जानकारी दिनुभयो ।रासस

# पर्यटक तानिरहेको बुकीपाटनमा 'गोठबास'ले सहज

ढोरपाटन । ढोरपाटन उपत्यकादेखि करिब साढे चार घण्टाको पैदलयात्रामा पुग्न सकिन्छ, गर्पाछेडा । समुन्द्री सतहदेखि चार हजार मिटरको उचाइमा रहेको गर्पाछेडा बुकीपाटनको पहिलो प्रवेशद्वार हो ।

भीर, जङ्गार र अग्ला पहाड छिचोल्दै यहाँ पुग्ने पर्यटक थकित हुन्छन् । उपत्यकादेखि लगातारको पैदलयात्रामा गर्पाछेडा पुगेका पर्यटकलाई बिश्रामका लागि गोठबास (गोठस्टे) सञ्चालनमा ल्याइएको छ । केही समय अघिसम्म विश्रामका लागि यहाँ भेडीगोठबाहेक अरु कुनै पनि संरचना थिएन ।

गत वर्षदेखि बुकीपाटनमा पर्यटकको चाप बढ्न थालेपछि गर्पाछेडामा गोठस्टे सञ्चालनमा ल्याइएको हो । अहिले दैनिकजसो औसतमा एक सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटक बुकीपाटन जाने गरेका छन् । विशेष गरी बर्खाको समयमा बुकीपाटन हरियाली देखिने र यहाँबाट अनगिन्ती हिमश्रृङ्खलासहित हजारौंको सङ्ख्यामा भेडाका बथानको अवलोकन गर्न सकिने हुँदा पर्यटकको आकर्षण बढेको हो ।

बुकीपाटन पुग्ने पर्यटकका लागि खाने र बस्नेको सुविधा नहुँदा उनीहरु भेडी गोठालेसँगै गोठमा रात बिताउने गर्थे । गोठमा रात बिताउँदा चिसोका कारण कति त बिरामीसमेत पर्थे । तर अहिले त्यो समस्याको कम भएको छ । पर्यटकको आगमनमा वृद्धि भएसँगै गत वर्षदेखि ढोरपाटनका सन्देश थापाले बुकीपाटनको प्रवेशद्वार गर्पाछेडामै गोठस्टे सञ्चालनमा ल्याउनुभएको हो ।

थापासँगै स्थानीय महेन्द्र घर्ती मगरले पनि यस वर्षदेखि गोठस्टे सञ्चालनमा ल्याउनु भएको छ । थापा र घर्ती मगरको गोठस्टे नजिकै छ । ढोरपाटन उपत्यकाबाट जाने पर्यटकलाई उहाँहरुले स्वागत गर्नुहुन्छ । घण्टौंको यात्रापछि गर्पाछेडा पुग्ने पर्यटक लागि गोठस्टे विश्रमस्थल बनेको छ । गोठस्टेबाट पर्यटकले उच्च पहाड, हिमश्रृङ्खला र गोठलाको जनजीवन अनुभूत गर्न पाउँछन् ।

अघिल्लो वर्षको तुलनामा यस वर्ष बुकीपाटन आउने पर्यटक बढेको गोठस्टे सञ्चालक सन्देश थापाले बताउनुभयो । पछिल्लो समय बुकीपाटन सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रचारप्रसार हुन थालेपछि पर्यटक बढ्न थालेको उहाँको भनाइ छ । बुकीपाटन गोठस्टे सञ्चालन गर्नुको मुख्य उद्देश्य यस क्षेत्रको प्रवर्द्धन गर्नु र पर्यटकको सेवा गर्नु भएको उहाँ बताउनुहुन्छ । गोठस्टेमा बास बस्ने पर्यटकलाई ढोरपाटनमा उत्पादन भएको आलु,



**"बुकीपाटनमा पर्यटक आउन थालेको धेरै भएको छैन, केही समय अघिसम्म यो क्षेत्र पर्यटकका लागि ओझेलमै थियो, दुई/तीन वर्षदेखि यहाँ बढी मात्रामा पर्यटक आउन थालेका हुन्, पोहोर सालदेखि मैले गोठस्टेसुरु गरे, यसवर्ष अर्को एक जना साथीले पनि सुरु गर्नुभएको छ"**

बुकीपाटनमा रहेका भेडा च्याङ्राको मासु, लेकाली साग, आँटो ढिडोलगायतका परिकार खान दिने गरेको थापाले बताउनुभयो ।

"बुकीपाटनमा पर्यटक आउन थालेको धेरै भएको छैन, केही समय अघिसम्म यो क्षेत्र पर्यटकका लागि ओझेलमै थियो, दुई/तीन वर्षदेखि यहाँ बढी मात्रामा पर्यटक आउन थालेका हुन्, पोहोर सालदेखि मैले गोठस्टेसुरु गरे, यसवर्ष अर्को एक जना साथीले पनि सुरु गर्नुभएको छ", उहाँले भन्नुभयो, "पहिले पर्यटक बुकीपाटन आउँदा गोठालासँग गोठमा बस्नु बाध्यता थियो, उहाँहरुलाई खाना र सुत्नका लागि निकै समस्या थियो, अहिले त्यो समस्याको समाधान गरेका छौं ।"

महेन्द्र घर्तीमगरले गत असार पहिलो सातादेखि गर्पाछेडामा गोठस्टे सञ्चालन गर्नुभएको हो । ढोरपाटन उपत्यकामा होटल सञ्चालन गर्दै आउनुभएका घर्तीमगरले गोठस्टे सञ्चालन गरेपछि बास बस्न आउने पर्यटक बढेको बताउनुभयो ।

गोठस्टेमा आउने पर्यटकले एक रातको बसाइँसँगै खाना र खाजाको रु दुई हजार पाँच सय शुल्क लिने गरेको उहाँको भनाइ छ । कोही पर्यटक बिहान ९ बजे बुकीपाटन पुग्ने र साँझ फर्किने गरेको उहाँले बताउनुभयो ।

"बुकीपाटनमा पर्यटकको आगमनमा धेरै वृद्धि भएको छ, सडकको पहुँच नभएको हुँदा पदमार्गमार्फत यहाँ आउनुपर्छ, हिँडेर आउँदा धेरैलाई थकान लाग्छ, त्यति मात्रै होइन यो ठाउँ उच्च क्षेत्रमा पर्ने हुँदा लेक लाग्छ, केही त बिरामी पर्नुहुन्छ", घर्ती मगरले भन्नुभयो, "बुकीपाटन आउँदा स्वास्थ्यको ख्याल गरेर आउनुपर्छ, हामीहरुले गोठस्टेमा आउने पर्यटकका लागि सामान्य प्राथमिक उपचारको व्यवस्थाप गरेका छौं, अब पर्यटकलाई पहिलेको जस्तो गोठमा बस्नुपर्ने अवस्था छैन ।"

गर्पाछेडाबाट फागुने, टीकाधार, लगायतका स्थानमा पुग्न सकिन्छ । गोठस्टेले बुकीपाटन आउँदा बसाइँ र यहाँको घुमफिरलाई सहज बनाइ दिएको पोखरा महानगरपालिका-७ बाट आउनुभएका मुकेश सुब्बाले बताउनुभयो । बुकीपाटनमा आफू पहिलो पटक चार वर्ष अगाडि आएको भन्दै त्यस बेला गोठमै बसेर फर्किएको उहाँले सुनाउनुभयो । गोठस्टेमा होटलको जस्तो सुविधा नभए पनि बास बस्न र खाना खानका लागि धेरै सहज भएको उहाँको भनाइ छ ।रासस

# कोटाको मल अभाव भएपछि निजी कम्पनीको मल वितरण

नेपालगञ्ज । बाँकेमा कोटामा पाउने रासायनिक मलको अभाव भएपछि स्थानीय तहले निजी कम्पनीले उत्पादन गरेको रासायनिक मल ल्याएर बिक्री तथा वितरण गर्न थालेका छन् । माटो तथा मल परीक्षण प्रयोगशालाले जाँच गरेर बजारमा ल्याएको मिश्रित रहेको रासायनिक मल गाउँपालिकाका विभिन्न १५ सहकारीमार्फत किसानले प्राप्त गरेको खजुरा गाउँपालिकाका अध्यक्ष डम्मरबहादुर विकले जानकारी दिनुभयो ।

उहाँले अनुदानमा आएको कोटाको रासायनिक मलको अभावमा किसानलाई मोरङबाट उत्पादन भएको सुन्दर मल वितरण गरिएको बताउनुभयो । "यसलाई किसानले रुचाउनुभएको छ, त्यसैले यसको माग बढेको छ", उहाँले भन्नुभयो ।

अध्यक्ष विकले अहिलेसम्म एक हजार ५०० बोरा रासायनिक




मल वितरण भएको जानकारी दिँदै सो मलको अझै माग भइरहेको बताउनुभयो । चौध हजार घरधुरी रहेको उक्त गााउपालिकामा अनुदानको मल ९०० बोरा मात्रै पाएपछि विकल्पका रुपमा सो रासायनिक मलको बिक्री वितरण भएको अध्यक्ष विकको भनाइ छ । उहाँले सो मल अनुदानको मलको तुलनामा महँगो भएको समेत उल्लेख गर्नुभयो ।

नेपालगञ्जमा पनि सो मल बिक्री वितरणका लागि जिल्ला सहकारी सङ्घ, बाँकेको कार्यालयमा राखिएको छ । रासायनिक मल प्राप्त गर्नका लागि त्यहाँ स्थानीय किसानको भीड लागेको छ । "अनुदानको मल नपाएपछि बाध्य भएर यो रासायनिक मल ल्याएका छौं", जिल्ला सहकारी सङ्घ, बाँकेका प्रवन्ध सञ्चालक नवराज उपाध्यायले भन्नुभयो ।

उहाँले अनुदानमा आउने रासायनिक मलभन्दा निजी कम्पनीले उत्पादन गरेको मल महँगो भएको उल्लेख गर्दै रासायनिक मलमा नाइट्रोजन, फस्फोरस र पोटास मिसाइएको बताउनुभयो । सहकारी सङ्घमा ५०० बोरा मल आएकामा १५० बोरा आज मात्र वितरण भएको जानकारी दिँदै प्रबन्ध सञ्चालक उपाध्यायले नेपालगञ्जबाहेक, जानकी र डुडुवा गाउँपालिकाबाट समेत मल लिन किसान आएको बताउनुभयो । सो रासायनिक मल रु दुई हजार ५०० प्रतिबोरा पर्छ ।

कृषि सामग्री कम्पनी लिमिटेड, नेपालगञ्जले युरिया मल कोटाअनुसार वितरण भएको जनाएको छ । कृषि सामग्री कम्पनी, लि. नेपालगञ्जका प्रमुख पुष्पराज श्रेष्ठले मागअनुसार मल नआउँदा किसानका माग सम्बोधन नभएको उल्लेख गर्दै खरिद गर्ने बेलामा नै बढी बजेट विनियोजन भए त्यसबाट आपूर्ति सहज हुने बताउनुभयो । बाँकेमा मलको अभाव भएपछि थप युरिया मल पठाउनका लागि पहल भइरहेको प्रमुख श्रेष्ठले बताउनुभयो ।रासस

# घुम्न जाउँ मिक्वाखोको लामपोखरी

फुङ्लिङ । मिक्वाखो गाउँपालिका-५ लोदेन क्षेत्रस्थित लामपोखरी पर्यटकको पर्खाइमा छ । लोदेन फाँटमा रहेको यस क्षेत्रकै एक प्रमुख आकर्षकका रूपमा मनमोहक दृश्यसहितको लामपोखरी पर्यटकको पर्खाइमा रहेको हो ।

ताप्लेजुङमा पर्यटकीय गन्तव्य धेरै छन् । हिमाल तथा साहसिक पर्यटकका लागि विश्वको तेस्रो अग्लो कञ्चजङ्घा हिमाल, धार्मिक पर्यटकका लागि पाथीभरा, हरियाली फाँट, बुकी फूल तथा पोखरीहरूको अवलोकनका लागि लादेन क्षेत्र प्रमुख पर्यटकीय गन्तव्य हुन् ।

यस क्षेत्रमा प्रत्येक वर्ष जडीबुटी सङ्कलन गर्ने मिलन लिम्बूका अनुसार हरियाली घाँसेमैदानमा रहेको लामपोखरी यस क्षेत्रकै ठूलो पोखरी हो । यहाँका पोखरी हेर्दा अरुको तुलनामा लामपोखरी ठूलो देखिए पनि यस पोखरीको अध्ययन, अनुसन्धान कुनै निकाय गरेको छैन । यो पोखरीसँग धेरै किंवदन्ती कथासँग जोडिएको मिक्वाखोला गाउँपालिका-५ का वडा सदस्य तथा स्थानीय तोप्ला शेर्पाले बताउनुभयो । यस



पोखरीलाई त्यहाँको स्थानीय शेर्पा समुदायले छोनासिङ पोखरी भन्ने गरेको शेर्पाले बताउनुभयो । यहाँ पुग्ने जोकोहीलाई यस पोखरीले लोभयाउने गर्छ ।

शेर्पा समुदायका अनुसार पोखरी धार्मिक, सांस्कृतिक र प्राकृतिक हिसाबले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । हरियाली डाँडाबीच रहेको अण्डाकार पोखरीको वरिपरि हरियाली दृश्यले यो क्षेत्र झनै सुन्दर देखिन्छ । मिक्वाखोला-५ सिम्बुकका पान्दे शेर्पाका अनुसार पोखरी अवलोकन गर्न आउने पर्यटक पोखरीको छेउमा बसेर शान्तिको अनुभूति लिने र तस्बिर कैद गरेर फर्कने गरेका छन् ।

यस क्षेत्रको प्रवर्द्धनका लागि सरोकारवालाले अहिलेसम्म खासै योजना बनाएको देखिँदैन । उच्च हिमाली क्षेत्र भएकाले पर्यटकलाई लेक लाग्ने, टाउको दुख्नेजस्ता समस्या हुने गरेको स्थानीय बताउँछन् । यो क्षेत्र अवलोकन गर्न एक साता लाग्छ । मानव बस्ती नभएकाले बस्नका लागि याकगोठ र भेडीगोठको भर पर्नुपर्ने मिक्वाखोला-५ का वडाध्यक्ष ग्यान्जे शेर्पाले बताउनुभयो । केही ठाउँमा भने यहाँका समुदायले आफ्ना आफन्तको सम्झनामा धर्मशाला पाटी बनाएका छन् । आवश्यक पर्ने खाद्य सामग्रीसमेत आफैंले जोहो गरेर लैजानु पर्छ ।

पछिल्लो समयमा गाउँपालिकाले यस क्षेत्रको प्रवर्द्धनमा चासो देखाउन थालेको छ । चालु आर्थिक वर्षमा यस क्षेत्रको प्रचारप्रसार गर्न बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । पछिल्लो समय आन्तरिक पर्यटक यहाँ पुग्न थालेका छन् ।रासस

# उखु किसान आन्दोलन उत्रिए



**टुडे समाचारदाता**

जलेश्वर । सरकारले उखुमा दिँदै आएको अनुदान कटौती गरेको विरोधमा उखु कृषकहरुले टायर बालेर प्रदर्शन गरेका छन् ।

महोत्तरीको गौशालामा बुधबार उखु उत्पादक कृषक संघ महोत्तरीको नेतृत्वमा ऐक्यबद्ध भएका किसानहरुले रामनगर स्थित एभरेष्ट चिनी मीलको मूल गेटमा बुधबार टायर बालेर विरोध गरेका छन् । यसअघि साउन १८ गते उखु किसानले प्रशासन कार्यालयमार्फत सरकारलाई ज्ञापन पत्र बुझाएका थिए ।

टायर बाल्ने क्रममा उखु कृषकहरुले 'किसानको माग पूरा गर, उखुको अनुदान फिर्ता गर, झुठो आश्वासन चाहिँदैन किसान मार्न पाइँदैन, किसान एकता जिन्दावाद' जस्ता नारा लगाएका थिए ।

सरकारले चालु आर्थिक वर्ष ०८२/०८३ को बजेटमा उखुमा दिँदै आएको प्रति क्वीन्टल ७० रुपैयाँ अनुदान कटौती गरेको विरोधमा उखु किसानले आन्दोलन गर्नुपरेको बताएका छन् ।

उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवहाले खडेरीले आक्रान्त किसानलाई राहत दिनुको साटो अनुदान पनि कट्टा गरेर सरकारले अन्याय गरेको बताए ।

उनले उद्योगपतिले उखुको उचित मूल्य नदिए पनि ७० रुपैयाँले उखु किसानलाई थोरै भए पनि राहत दिएकाले यो अनुदानले उखु खेतीप्रति किसानको भरोसा र उत्साहलाई जोगाइराख्न सघाएको बताए ।

कुशवहाले भने, "मूल्य पनि नबढाउने र अनुदान पनि कटौती गरेपछि बाध्य भएर आन्दोलनमा उत्रनु परेको हो । सरकारले सुनवाई नगरे उखु खेती त्याग्नुको विकल्प दखेको छैन ।"

उखु उत्पादक कृषक महासंघका केन्द्रीय सदस्य महाशंकर थिङले अनुदान कटौतीका कारण महोत्तरीका मात्र १४ हजार ५३३ जना उखु कृषकलाई प्रत्यक्ष मार परेको बताए ।

उनका अनुसार सरकारले राज्य कोषबाट अनुदान दिने छैन । किसानले उत्पादन गरेको उखुबाट सरकारले भ्याटबापत वार्षिक तीन अर्बभन्दा बढी राजस्व प्राप्त गर्छ । त्यसैबाट देशभरका उखु किसानलाई अनुदानवापत एक अर्ब ६० करोड रुपैयाँ मात्र दिने हो । किसानले उखु खेती नै नगरी दिने हो भने सरकारको पनि एक अर्ब ४० करोड राजस्व गुम्ने उनले बताए ।

उनले भने, "७० रुपैयाँ अनुदान दया हैन किसानको हक हो । यो हक मार्न पाइन्न । कटौती गरेको अनुदान तुरुन्त फिर्ता गरेर किसानको आँसु पुछ्न सरकारसँग फेरि पनि हाम्रो अनुरोध छ ।"

सो कार्यक्रममा उखु किसान तथा लोसपा नेता देवनारायण महतोले मलखादको अभावका साथै उखु खेतीको लागत बढ्दै गएको अवस्थामा अनुदान कटौती गरेर किसानमाथि अन्याय गरेको बताए ।

माग पूरा नभए आगामी भदौं ८ गतेदेखि काठमाण्डु केन्द्रित आन्दोलन गर्ने उखु कृषकहरुले सरकारलाई चेतावनी दिएका छन् ।

# मदन भण्डारी आवास भत्किँदै

स्थानीय शम्भु राम, बन्दी बैठा र पुन्चन रामको घर असार महिनामा नै सम्पन्न हुनु पर्नेमा हाल सम्म निर्माणको क्रममा छ र निर्माणाधीन अवस्था मै भत्किन थालेको छ । आयोजना अन्तर्गत निर्माण सम्पन्न भइसकेका केहि घरहरु समेत आंसिक रुपमा क्षति हुन थालेका छन् भने अधिकांश घरहरु निर्माणाधीन अवस्था मै भएपनी काम भन्दा बढी भुक्तानी भएको छ ।

**दिलीप पाण्डे**

रौतहट । मधेश प्रदेश सरकारले मदन भण्डारी आवास योजना मार्फत निर्माण गरिएका घरहरू एक महिना नवित्दै भत्किन थालेका छन् ।

रौतहटको माधव नारायण नगरपालिकामा दुई दिन लगातार परेको पानीले घरहरु भत्किएपछि स्थानीयबासी त्रसित बनेका छन् भने योजनाको कार्यान्वयनमा देखिएको चरम लापरबाही र भ्रष्टाचारको पोल खुलेको छ ।



स्थानीय शम्भु राम, बन्दी बैठा र पुन्चन रामको घर असार महिनामा नै सम्पन्न हुनु पर्नेमा हाल सम्म निर्माणको क्रममा छ र निर्माणाधीन अवस्था मै भत्किन थालेको छ । आयोजना अन्तर्गत निर्माण सम्पन्न भइसकेका केहि घरहरू समेत आंसिक रुपमा क्षति हुन थालेका छन् भने अधिकांश घरहरु निर्माणाधीन अवस्था मै भएपनी काम भन्दा बढी भुक्तानी भएको छ ।

आवास योजना अनुसार घर निर्माण उपभोक्ता समितिमार्फत गरिनुपर्ने भए पनि स्थानीयवासीले कागजमा मात्र समिति देखाएर व्यवहारमा ठेकेदारमार्फत निर्माण कार्य गरिएको गुनासो गरेका छन् । यस्तो कार्यविधि उल्लंघनले निर्माणको क्रममा प्रयोग गरिएका सामग्रीको बारेमा गुणस्तरको प्रश्न उठाइएको छ ।

पूर्वाधार विकास कार्यालय रौतहट क्षेत्र नं. १ (ख) का इन्जिनियर ओम प्रकाश साहमाथि कमिसनको भरमा कागजी प्रक्रिया मिलाई गुणस्तरहीन निर्माणको रकम निकासा दिएको गम्भीर आरोप लागेको छ । उनका निर्देशनमै घर निर्माण, सामग्री छनोट र अनुगमनको सम्पूर्ण जिम्मेवारी निर्वाह गरिएको बताइएको छ ।

पूर्ववडाध्यक्ष जागरित सहनीले घरहरू अत्यन्त कमजोर संरचना भएका कारण त्यसमा बस्ने नागरिकहरूको ज्यान नै जोखिममा परेको बताए । सरकारले बनाएको घरमै बस्न नसकिने हो भने त्यो योजनाको औचित्य के ? भनी उनले प्रश्न गरे ।

स्थानीय बासिन्दाहरूले सम्पूर्ण निर्माण प्रक्रिया स्वतन्त्र र निष्पक्ष छानबिन गर्न माग गरेका छन् । साथै दोषी कर्मचारी, ठेकेदार र योजनाका अनुगमनकर्तालाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने आवाज उठेको छ । त्यस्तै यस परियोजना संचालनको लागि कमिसन लगायतको सेटिङ मिलाउन पुर्वाधार विकास कार्यालय रौतहटका इन्जिनियर रामबाबु प्रसादको मुख्य भुमिका रहेको श्रोतले जनाएको छ । भत्किएका आवासका पीडित परिवारलाई पुनः सुरक्षित आवासको व्यवस्था मिलाउनुपर्ने माग पनि गरिएको छ ।

# निलम्बित मेयर थापासहित ३ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापासहित ३ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् ।

विशेष अदालतले निलम्बित मेयर थापासहित नगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, योजना प्रमुख इन्जिनियर सागर पौडेल दोषी ठहर भएका छन् ।

विशेष अदालतका अध्यक्ष न्यायधीश टेकनारायण कुँवर र सदस्यद्वय मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले बुधबार भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८१ जेठ २९ मा थापा, उपमेयर लीलाकुमारी मोक्तानसहित ६ जनालाई प्रतिवादी बनाएर ३० करोड २९ लाख ३४ हजार ८ सय ९७ रुपैयाँ बिगो मागदाबी सहित मुद्दा दायर गरेको थियो । नदीजन्य पदार्थको हानिनोक्सानी गरेको अभियोगमा उनीहरुलाई प्रतिवादी बनाइएको थियो । सोही मुद्दाको फैसला गर्दै थापासहित ३ जनालाई दोषी ठहर गरेको हो भने अरु ३ जना लीलाकुमारी मोक्तान, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीलाई भने सफाइ दिएको छ ।

# शहीद दुर्गानन्द झाको योगदान अतुलनीय



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले नेपालको गणतान्त्रिक आन्दोलनका शहीद दुर्गानन्द झाको स्मरण गर्दै उनको पुर्ख्यौली गाउँ जटहीस्थित निवासमा पुगेका छन् ।

धनुषा नगराइन-२ स्थित जटहीमा रहेको शहीद झाको निवासमा पुगी उनकी धर्मपत्नी काशीदेवी झासँग शिष्टाचार भेट गरी मुख्यमन्त्री सिंहले सम्मानसहित शहीद झाको स्मरण गरे ।

उनले भने, "शहीद दुर्गानन्द झाज्यूले नेपालको गणतान्त्रिक आन्दोलनका अथक योद्धा रहेका र वहाँकै आन्दोलनको फलस्वरुप मुलुकमा गणतन्त्र स्थापना भयो," मुख्यमन्त्री सिंहले भने, "देश र जनताको हितमा उहाँले गरेको त्याग सधैं नेपाली जनताको स्मृतिमा रहनेछ ।"

उनले शहीद झा प्रेरणाको स्रोत, साहस, त्याग र देशप्रतिको निष्ठापूर्ण व्यक्तित्व रहेको समेत बताए । उनले सम्पूर्ण नेपालीका लागि प्रेरणाको स्रोत भएको उल्लेख गर्दै झा परिवारलाई गहिरो सम्मान प्रकट गरेका थिए ।

शहीद झाको योगदानलाई संस्थागत रुपमा सम्मान गर्ने विषयमा प्रदेश सरकारले उचित कदम चाल्ने उनले बताए ।

# जीतपुरसिमरा उद्योग वाणिज्य संघको ८औं स्थापना दिवस

**रञ्जन यादव**

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा रहेको जीतपुरसिमरा उद्योग वाणिज्य संघको ८ औं स्थापना दिवस तथा नवनिर्मित सभाहलको समुद्घाटन समारोह भव्य रूपमा सम्पन्न भएको छ । सो कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय अध्यक्ष चन्द्र प्रसाद ढकालले सभाहलको औपचारिक उद्घाटन गरेका छन् । समारोहमा बोल्दै अध्यक्ष ढकालले वर्तमान सरकारले ल्याएका ऐन, कानुन तथा बजेटले तत्काल व्यवसायीहरूलाई त्रसित हुने अवस्था नरहेको बताए । उनले सरकारले केही हदसम्म व्यवसायीहरूको मागलाई सम्बोधन गरिसकेको र केही विषय अझै बाँकी रहेको स्पष्ट पारे । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले व्यवसायीहरूलाई जाँच-पड्तालको दायराबाट हटाएको उल्लेख गर्दै उनले यो निर्णय व्यवसायीहरूको दबाबकै कारण सम्भव भएको बताए । ढकालले अनुशासित र नियमअनुसार मिहिनेत गर्ने व्यवसायीले सकारात्मक प्रतिफल पाउनेमा विश्वस्त रहनुपर्ने सन्देशसमेत दिएका छन् ।




सो कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले पनि मन्तव्य राख्दै उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र मात्र कर लगाउने नीति लिएको स्पष्ट पारे । उनले स्थानीय तहले उठाउनु पर्ने कर मध्येको ४ प्रतिशत मात्र कर उठाइरहेका कारण व्यवसायीहरुले गुनासो गर्ने ठाउँ नरहेको बताए । नगर प्रमुख पौडेलले उद्योगी तथा व्यवसायीहरूलाई आफ्ना भौतिक संरचनाको नक्सा पास अनिवार्य गर्न आग्रह गरे । उनका अनुसार नक्सा पास गरी संरचना निर्माण गर्नाले भविष्यमा बीमा तथा अन्य दुर्घटनाबाट सुरक्षा र राहत प्राप्त गर्न सहज हुने भएकोले अब संरचनाका अभिलेख सिरानीमुनि राखेर बस्ने समय नरहेको बताए । नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेको अध्यक्षतामा भएको समारोहमा उद्योगी, व्यवसायी, संघका पदाधिकारी तथा स्थानीय जनप्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन नगर उद्योग बाणिज्य संघका महासचिव प्रकाश गिरीले गरेका थिए । स्थापना दिवसको औपचारिक कार्यक्रमपछि कार्यालय परिसरमा बृक्षारोपण गरिएको थियो ।

# पेस्तोलसहित तीन जना पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहामा तीनजना भारतीय नागरिक पेस्तोलसहित पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार भारतको विहार राज्य, मधुवनी जिल्लाको बेलही पञ्चायत-३ का ओमशंकर यादव, ऋषिनाथ मण्डल र आकाशकुमार मण्डललाई मंगलबार अपराह्न पक्राउ गरिएको छ।



नरहा गाउँपालिका-३ स्थित चोहर्वा-सिराहा सडकखण्डमा प्रहरीको नियमित जाँचका क्रममा नलकटुवा पेस्तोलसहित तीन जना भारतीय नागरिक पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार भारतको विहार राज्य, मधुवनी जिल्लाको बेलही पञ्चायत-३ निवासी ओमशंकर यादव, ऋषिनाथ मण्डल र आकाशकुमार मण्डललाई मङ्गलबार अपराह्न पक्राउ गरिएको हो । उनीहरू एउटै मोटरसाइकलमा सवार रहेका थिए ।

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीको नेतृत्वमा खटिएको टोलीले शंका लागेर मोटरसाइकल रोकेर जाँच गर्दा लुकाइछिपाइ राखिएको नलकटुवा पेस्तोल फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका तीनैजनालाई मिर्चैया प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले बताए । उनले उनीहरूलाई सिरहा जिल्ला अदालतमा उपस्थित गराई हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा म्याद थप गरि अनुसन्धानका अगाडि बढाइने बताए ।

# चार दिनमा ७० प्रतिशत धान रोपाइँ

**टुडे समाचारदाता**

जनकपुरधाम । शुक्रबारदेखि भएपछि वर्षा हुन थालेको मधेश प्रदेशमा किसानहरूले रोपाईंलाई तीव्रता दिएका छन् । मधेश प्रदेशको कृषि मन्त्रालय, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखाका अनुसार चार दिनमा १३ प्रतिशतले रोपाइँ बढेको छ ।

मधेशका आठ जिल्लामा मंगलबारसम्ममा ७० प्रतिशत रोपाइँ सकिएको महाशाखाका कृषि अधिकृत अमर मण्डलले जानकारी दिए । सबैभन्दा बढी पर्सामा ८५, बारामा ८३ प्रतिशत रोपाइँ सकिएको छ भने सबैभन्दा कम महोत्तरीमा ३९ प्रतिशत रोपाइँ भएको तथ्यांकमा रहेको छ । वर्षा हुनुअघि १६ साउनसम्म मधेशमा ५७ प्रतिशत मात्र रोपाइँ भएको थियो ।

'बारा, पर्सामा गण्डक नहरबाट सिँचाइ सुविधासहित प्रदेशबाट स्यालो ट्यूबेलको बजेट पनि बढी प्रवाह भएकाले रोपाइँ बढी भएको हो,' मण्डलले अघि थप्दैं भने, 'धनुषा र महोत्तरीमा पछिल्लो वर्षाले खेत भिजे पनि रोपाइँका लागि खेत हिल्याउन किसानले पोखरी, बोरिङको पानी प्रयोग गरिरहेका छन् ।'



शुक्रबारसम्म ८५ प्रतिशतसम्म रोपाइँ हुने अनुमान रहेको उनले बताए । मधेशमा तीन लाख ७२ हजार हेक्टरमा धानखेती हुने गरेको छ । मौसम पूर्वानुमान महाशाखाले जनाए अनुसार मनसुनको न्यूनचापीय रेखा नेपालनजिक आएर बस्दा गत शनिबारबाट देशभर वर्षा भइरहेको हो । यसअघि पहाडी क्षेत्रमा खण्डवृष्टि भइरहेकामा तराई मधेशमा सुक्खा थियो, जसकारण रोपाइँ हुन सकेको थिएन । तर हाल वर्षाका कारण रोपाइँ भइरहेको हो भने चापाकलमा पानी आउन थालेपछि जनजीवन सहज बनेको छ । मंगलबार सिराहामा ७४.४ र बारामा ४२.४ मिलिमिटर वर्षा मापन भएको छ । मधेशसहित मध्य र पूर्वी नेपालमा सोमबारभन्दा मंगलबार कम वर्षा भएको छ ।

यसपटकको मनसुनको सक्रियता लम्बिने देखिएको छ। मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार सोमबार र मंगलबार पश्चिमकेन्द्रित वर्षा भएकामा बिहीबारदेखि पूर्वकेन्द्रित वर्षा हुने देखिन्छ। 'वर्षा त देशभर नै भइरहेको छ । तर, भारीदेखि धेरै भारी वर्षा भने बिहीबारबाट कोशी र बागमती क्षेत्रमा हुने देखिन्छ,' उनले भने ।

मंगलबार दाङ, बाँके र बर्दियामा धेरै भारी वर्षा पनि मापन भएको छ। २४ घण्टामा दाङमा २३६, बाँकेमा २०६ र बर्दियामा १६९ मिलिमिटर वर्षा रेकर्ड भएको छ। पश्चिमकेन्द्रित वर्षाका कारण कर्णालीको रकुम पश्चिम, भेरीको डोल्पा र बबईको बर्दिया क्षेत्रमा पानीको बहाव सर्तकता तहभन्दा माथि पुगेको थियो ।

# अपहरण र जबरजस्ती करणीको अभियोगमा दुई पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । अपहरण तथा शरीरबन्धक र जबरजस्ती करणी अभियोगमा संलग्न २ जनालाई पक्राउ गरिएको छ ।

पर्सा प्रहरीले घटनामा संलग्न रहेका बहुदरमाई नगरपालिका-२ स्थित सिसियारीका ४० वर्षीय महमद र रौतहटका २१ वर्षीय अफताब अन्सारीलाई वीरगञ्ज महानगरपालिका-१५, प्रतिमा चोकबाट पक्राउ गरेको जनाएको छ ।



उनीहरूलाई अदालतको आदेशअनुसार ५ दिन म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

दुवै जना वीरगञ्ज महानगरपालिका-१३ स्थित राधेमाईमा रहेको नेक मोटरसाइकल वर्कशपसँग सम्बन्धित रहेको र घटनापछि फरार रहेका थिए।

२०७९ साल वैशाख २० गते दिउँसो करिब ३ बजेको समयमा बाख्रा गोठबाट घर फर्कँदै गरेकी बैरनियाका ३४ वर्षीय महिलालाई उनीहरुले अपहरण गरी वीरगञ्ज बसपार्कीस्थित गणेश होटल एण्ड लजको दोस्रो तल्लामा लगेर पालैपालो जबरजस्ती करणी गरेका थिए।

पीडितलाई २०७९ वैशाख २३ गते घडिअर्वा पोखरी नजिकको गल्लीमा रगतामै अवस्थामा फालेर फरार भएको पीडितको जाहेरीपछि प्रहरीले अनुसन्धान थालेको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८